# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ६ संख्याः ३ मितिः २०८०।९।१२

# भाग-२

**बनेपा नगरपालिका**

## सहकारी नियमावली
## २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।८।२९**

# सहकारी नियमावली
# २०८०

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८०।८।२९**

**प्रस्तावनाः**

वनेपा नगरपालिकाको नियमन क्षेत्रभित्र भएका सवै किसिमका सहकारी संस्थाहरूको अभिभावकत्व ग्रहण गर्दै यस नगर भित्रका सवै नागरिकहरूको दैनिक जीवनलाई सहकारीका माध्यामबाट चलायमान वनाई सहकारीका आधारभूत मूल्य, मान्यता, सिद्धान्त समेतका आधारमा संस्थाको आन्तरिक अनुगमन तथा स्व मूल्यांकन, पारदर्शी, विश्वसनीय र स्वतन्त्र आर्थिक लेखा प्रणालीको विकास गरी आम नगरवासीहरूलाई "सहकारी सहितको समाज, सम्वृद्ध वनेपा वनाउँने हाम्रो संयुक्त आवाज" भन्ने मुल अभिप्राय राखी सहकारीको संस्थागत विकास गर्न, संस्था प्रति आम नगरवासीहरूलाई विश्सस्त हुने वातावरण निर्माण गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२६, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ र बनेपा नगरपालिकाको सहकारी ऐन २०७५ को दफा १०१ बमोजिम बनेपा नगरपालिकाको मिति २०८० साल मंसिर २९ गते बसेको नगरकार्यपालिकाको बैठकबाट यो नियमावली निर्माण गरी जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस नियमावलीको नाम "बनेपा नगरपालिकाको सहकारी नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संस्थाले नियम १८ बमोजिम बनाएको आन्तरिक कार्यविधि सम्भनुपर्छ ।

(ख) "कसूर" भन्नाले नियम ७९ बमोजिमको कसूर सम्झनुपर्छ ।

(ग) भन्नाले बनेपा नगरपालिकाको कार्यपालिका भन्ने सम्झनु पर्दछ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस नियमावली अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(ङ) "परिवार" भन्नाले सदस्यको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु,भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।
तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

(च) "बचत" भन्नाले सदस्यले सहकारी संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

(छ) "मन्त्रालय" भन्नाले सहकारी सम्बन्धी विषय हेर्ने प्रदेश वा संघीय मन्त्रालय सम्झनुपर्छ ।

(ज) "मुख्य कारोबार" भन्नाले संस्थाले संचालन गरेको व्यवसायिक क्रियाकलापहरूमा पछिल्लो आर्थिक वर्षसम्ममा परिचालित बचतको दायित्व र पछिल्लो आर्थिक वर्षको सदस्यतर्फको खरिद वा बिक्री कारोवारमा कम्तीमा तीस प्रतिशतभन्दा बढी हिस्सा भएको कारोवार सम्झनुपर्छ ।

(झ) "रजिष्ट्रार" भन्नाले संघीय सहकारी नियमावलीले तोके बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ ।

(ञ) "लेखा सुपरीवेक्षण समिति" भन्नाले नियम ३७ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।

(ट) "विनियम" भन्नाले सम्बन्धित सहकारी संस्थाको नियम १७ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

(ठ) "विभाग" भन्नाले संघको सहकारी विभाग सम्झनुपर्छ र सो शब्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा समेतलाई जनाउँछ ।

(ड) "शेयर" भन्नाले सहकारी संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

(ढ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनुपर्छ र सो शब्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

(ण) "सदस्य" भन्नाले सहकारी सस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ।

(त) "समिति" भन्नाले  नियम ३० को उपनियम (१) बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

(थ) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरूको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्झनुपर्छ ।

(द) "संस्थाको व्यवसाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यवसायिक क्रियाकलाप सम्झनुपर्छ ।

(ध) "सहकारी सिद्धान्त" भन्नाले स्वैच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदाय प्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्झनुपर्छ ।

(न) "संस्था" भन्नाले नियम ३ बमोजिम गठन भई नियम ६ बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्झनु पर्छ ।

(प) "साधारण सभा" भन्नाले सहकारी संस्थाको साधारण सभा सम्झनुपर्छ ।

(फ) "प्राथमिक पूँजी कोष" भन्नाले शेयर पूँजी र जगेडा कोष सम्झनुपर्छ ।

(ब) दर्ता गर्ने अधिकारी भन्नाले नियम ६९ बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

(भ) मापदण्ड भन्नाले वनेपा नरपालिकाको आन्तरिक अुनगमन तथा स्वः मूल्यांकन मापदण्ड २०८० लाई वुझाउँछ ।

(म) SEKYYOS भन्नाले मापदण्डको दफा २(क) मा उल्लेख भएको कुरालाई वझाउनेछ ।

(य) SAS अनुगमन भन्नाले Sekyyos भित्र पर्ने संस्थाका विभिन्न सूचकहरूको आधारमा गरिने अनुगमनलाई बुझाउनेछ । यसको पूरा अर्थ Sekyyos Analysis System भन्ने वुझिन्छ ।

(र) DUNGVE भन्नाले SAS अनुगमनबाट आएको नतिजाको आधारमा संस्थाको अवस्था वा स्तर पहिचान गर्न प्रयोग हुने विश्लेषण विधिलाई बुझाउँछ ।

(ल) एकाघरका व्यक्ति भन्नाले अंशवण्डा नभै सगोलमा बसोबास गरेका व्यक्तिहरू र नजिकको नाताका व्यक्ति भन्नाले हजुरबुवा, हजुर आमा, वुवा, आमा, छोरा, छोरी, वुहारी, नाती, नातिनी, नातिनी वुहारी, दाजु, भाई, भतिजा, भतिजी समेतलाई बुझाउँछ ।

## परिच्छेद-२
## सहकारी संस्थाको गठन तथा दर्ता

३. **संस्थाको गठन :**

(१) कम्तीमा तीस जना बनेपा नगपालिका भित्र बसोवास गर्ने नेपाली नागरिकहरू आपसमा मिली विषयगत वा वहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवसाय गर्न चाहाने उद्देश्य रहेको सहकारी संस्था स्थापनाको हकमा पन्द्र जना नेपाली नागरिकहरू भए पनि संस्था गठन गर्न सक्नेछन् ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा वहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफ्नो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

तर एक सय जना भन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीसजना कर्मचारी, शिक्षक वा प्राध्यापकहरूले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरू पालना गर्ने गरी संस्था गठन गर्न सक्नेछन् ।

(४) यस नियम बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपनियम (१) वा (२)मा उल्लिखित संख्या पुगेको हुनुपर्नेछ ।

तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधापर्ने छैन ।

४. **दर्ता नगरी सहकारी सस्था संचालन गर्न नहुने:**

कसैले पनि यस नियमावली बमोजिम दर्ता नगरी सहकारी स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

५. **दर्ताको लागि दरखास्त दिनु पर्ने :**

(१) यस नियमावली बमोजिम गठन भएका सहकारी संस्थाले दर्ताकालागि दर्ता गर्ने अधिकारी समक्ष अनुसूची- २ को ढाँचामा दरखास्त दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ :-

(क)सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख)सहकारी संस्था सञ्चालनको सम्भाब्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ।

(घ) संस्थाको कार्यालय रहने वडा समितिको संस्था दर्ताको लागि सिफारीस गर्न गरेको आवश्यक्ता र औचित्यता समेत खुल्ने गरी गरेको निर्णय र सो बमोजिम गरेको सिफारीस ।

(ङ)संस्था दर्ता गर्नको लागि वडा प्रतिनिधिको रोहवरमा डाकिएको प्रारम्भिक भेलामा उपस्थिति सवै व्यक्तिहरूको बसोवास भएको घर जग्गाको लालपूर्जाको फोटोकपी, नागरिकताको फोटोकपी, फोटो तथा त्यस्ता व्यक्तिहरू अन्यत्रबाट वसाई सराई गरी आएका भए सम्वन्धित वडामा वसाई सराई दर्ता भएको प्रमाणित प्रतिलिपि ।

(च) सन्चालकहरूको वडाबाट प्रमाणित भएको फोटो सहित अनुसुची ३ बमोजिमको विवरण ।

(छ)प्रारम्भिक भेलाका सदस्यहरू सोही प्रकृतिको त्यस वडामा अन्य सहकारी संस्थाको सदस्य नरहेको स्वघोषणा पत्र ।

(ज)नगरपालिकाले तोकेको अन्य कागजातहरु ।

६. **दर्ता गर्नु पर्ने :**

(१) नियम ५ को उपनियम (१) बमोजिम प्राप्त दरखास्त सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले दरखास्त परेको मितिले तीस दिनभित्र त्यस्तो सहकारी संस्था दर्ता गरी अनुसूची-२) को ढाँचामा दर्ता प्रमाणपत्र दिनुपर्नेछ :-

(क)दरखास्त साथ पेश भएको विनियम यो नियमावली तथा यस नियमावली अन्तर्गत बनेको नियम बमोजिम रहेको,

(ख)प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरूप सञ्चालन हुन सक्ने आधार रहेको,

(ग)सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

(२) उपनियम (१) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्द्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

(३) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो नियमावली प्रारम्भ हुँदाका बखत दर्ता भई सञ्चालनमा रहेका बनेपा नगरपालिका भित्र कार्यक्षेत्र कायम गरिएका सहकारी संस्था यसै नियमावली बमोजिम दर्ता भएको मानिने छ । यस्ता सहकारी संस्थाहरूले यो नियमावली प्रारम्भ भएको मितिले तीन महिना भित्र प्रमाणित विवरण सहित बनेपा नगरपालिकामा सूचीकृत गर्नु पर्नेछ ।

(४) यस नियम बमोजिम सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

**७. दर्ता गर्न अस्वीकार गर्न सक्ने :**

(१) नियम ६ को उपनियम (१) मा उल्लिखित अवस्था नभएमा, सोही नियम बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अबधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र विनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सहकारी संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई तीन दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

(३) सहकारी संस्थाको दर्ता गर्न आवश्यक छैन भन्ने कुरा नगरपालिकालाई लागेमा संस्था दर्ता अस्विकार गर्न सक्नेछ ।

(४) कुनै वडामा रहने गरी सहकारी दर्ताको लागि परेको निबेदन त्यस्तो वडामा कार्यक्षेत्र भएको सोहि प्रकृतिको सहकारी संस्थाले त्यस्तो काम गर्न सक्छ भन्ने लागेमा

(५) दर्ताको निबेदन दिने पक्षले संस्था दर्ता गर्न लागेको क्षेत्रमा सो प्रकृतिका सहकारी संस्थाहरूको वर्तमान अवस्था र

**८. सहकारी संस्था संगठित संस्था हुने:**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस नियमावलीको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**९. सहकारी संस्थाको कार्यक्षेत्र :**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋण सहकारीको मुख्य कारोवार गर्ने संस्थाको हकमा बनेपा नगरपालिकाको बढीमा तीन वटा वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म ।

(१) सदस्यहरूवीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(७) उपनियम (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आ ̂नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(९) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(९.१) माथि नियम ९ मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यक्षेत्र विस्तार गर्न स्वीकृति दिनु पूर्व त्यस्तो संस्थाको तपसिल बमोजिका कुराहरूको आधारमा सहकारी सहयोग तथा समन्वय समितिको सिफारीसमा रजिष्ट्रारले आवश्यक निर्णय गर्न सक्नेछ ।

(क) सस्थाले सदस्यहरूलाई प्रत्यक्ष लाभ पुऱ्याउन गरेका कार्यहरू

(ख) सदस्य संख्या

(ग) कारोवारको अवस्था

(घ) संस्थाको आन्तरिक अनुगमन तथा स्वः मूल्यांकनबाट देखिएको अवस्था

(ङ) कार्यक्षेत्र जोडिएको वडा

(च) सोही वडामा सोही प्रकृतिको अन्य सहकारी भए/नभएको अवस्था

(छ) उद्देश्य अनुरूप काम गरे/गरे नगरेको अवस्था

(ज) कार्यक्षेत्र वढाउनै पर्ने औचित्यको पुष्ट्याई गर्ने गरी संस्थाको माग पत्र

(९.२) नियम ९ र ९.१ मा जे सुकै कुरा उल्लेख भएको भएता पनि संस्थाहरू एक आपसमा एकिकरण हुन चाहेमा तपसिल बमोजिम हुने गरी कार्यक्षेत्र कायम गरी एकिकरणको कार्यलाई प्राथामिकता दिईनेछ

(क) दुई वटा सहकारी संस्था एकिकरण हुन चाहेमा सम्वन्धित संस्थाको कायम रहेको कार्यक्षेत्रसँग भौगोलिक रूपमा जोडिएको वडा

(ख) तीन वटा संस्था एकिकरण हुन चाहेमा नियम ९.२(क) मा थप एउटा वडा

(ग) चार वटा सस्था एकिकरण हुन चाहेमा नियम ९.२(क) मा थप दुईवटा वडा

(घ) चार भन्दा वढी सहकारी सस्था एकिकरण हुन चाहेमा वनेपा नगरपालिका भरी

तर नियम ९.२ बमोजिम एकिकरण भएका सहकारी संस्थाहरूलाई संस्था एकिकरण भएको एक वर्ष पछि त्यस्ता संस्थाको क्ष्भ्थ्झ्क मापदण्डको कार्यान्वयनको अवस्था हेरी संस्थागत सुधारको आधारमा कार्यक्षेत्र वढाउन वा थप गर्न आवश्यक छ भन्ने कारण सहित सहकारी सहयोग तथा समन्वय समितिले गरेको सिफारीस बमोजिम कार्यक्षेत्र थप गर्न सकिनेछ ।

(९.३) यस नगरपालिका भित्र सन्चालनमा रहेका जुनसुकै प्रकृतिका सहकारी संस्थाहरू एक आपसमा एकिकरण हुन चाहेमा तोकिए बमोजिम एकिकरणको प्रक्रिया अघि पढाउन सकिनेछ ।

(९.४) नियम ९.३ बमोजिम एकिकरण हुन चाहेमा ती संस्थाहरूले अन्य कुराहरूको अतिरिक्त तपसिल बमोजिम गर्नु पर्नेछ ।

(क) सम्वन्धित सवै सहकारी संस्थाहरूले आ आफ्नो सादारण सभाबाट एकिकरणको निर्णय गराई नगरको पूर्व स्वीकृतिको लिनु पर्ने

(ख) पूर्व स्वीकृति लिई सके पछि सवै संस्थाको संयुक्त साधारण

सभा डाकी एकिकरण सम्वन्धी तोकिए बमोजिमका सवै विषयवस्तुहरूमा छलफल गराई सन्चालक समिति, विभिन्न समिति, उप समितिहहरूको गठन, अन्य निर्णयहरू गर्ने एकिकरणको पूर्वशर्त र कार्यविधिको ढाँचा निर्माण गरी विनियम समेत सो संयुक्त सभाबाट पारित गरी अन्तिम स्वीकृतिको लागि नगरपालिकामा पेश गर्ने ।

(९.५) नियम ९.४ को खण्ड ख मा उल्लेख भए बमोजिमको एकिकरणको पूर्वशर्त र कार्यविधिको ढाँचा अुनसूची ४ मा उल्लेख भए बमोजिम हुनेछ ।

(९.६) माथि उल्लेख भए बमोजिम एकिकरणको लागि पूर्व स्वीकृति माग भई आएकोमा ७ दिन भित्र र तोकिए बमोजिम विनियम स्वीकृतिको लागि पेश भएमा अन्य कुनै कारण नभएमा पेश भएको १५ दिन भित्र नगरपालिकाले त्यसरी पेश भएको विनियम स्वीकृत गरिदिनु पर्नेछ ।

**८. सहकारी संस्था संगठित संस्था हुने:**

(१) सहकारी संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

(२) सहकारी संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

(३) सहकारी संस्थाले यस नियमावलीको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, विक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

(४) सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(५) सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

**९. सहकारी संस्थाको कार्यक्षेत्र :**

(१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) बचत तथा ऋण सहकारीको मुख्य कारोवार गर्ने संस्थाको हकमा बनेपा नगरपालिकाको बढीमा तीन वटा वडा,

(ख) अन्य संस्थाको हकमा एक वडा वा देहायका आधारमा तीन वडासम्म ।

(१) सदस्यहरूवीच स्वाबलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा वन्धन (कमन बण्ड),

(२) व्यवसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(३) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यवसायिक सेवा प्रारम्भ गरेको दुईवर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यवसायिक क्रियाकलापको विकास क्रममा सदस्यता बढाउन थप कार्य क्षेत्र आवश्यक परेको,

(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरू अवलम्बन गरिएको,

(ग) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको हकमा मापदण्ड अनुसार भएको ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा व्यावसायिक सेवा सञ्चालन नभएको वा जम्मा कारोबारको तोकिएको रकम वा अनुपातभन्दा कम रकम वा अनुपातको व्यावसायिक सेवा सञ्चालन भएको देखिएको खण्डमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

(७) उपनियम (३) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएकोमा सहकारी संस्थाले एक वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ ।

(९) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(६) कुनै पनि संस्थाले वा विभिन्न संस्थाहरू एक आपसमा मिली आफ्नो कार्यक्षेत्र भित्र रहने गरी कुनै पनि क्षेत्रको उत्पादनमा काम गर्ने वा नगरवासीको हित हुने गरी कुनै नयाँ वा रचनात्मक काम गर्ने गरी वा नगरभित्र उत्पादित वस्तुको एकिकृत वजार व्यवस्थापन वा यस्तै अन्य कार्य गर्न चाहेमा आगामी आ.व. को लागि चालू आ.व.को पौष मसान्त भित्र कार्ययोजना सहित प्रस्तावना पेश गर्न सक्नेछन् । यसरी पेश भएको प्रस्तावना बमोजिम नगरले छलफल गरी आवश्यक्ताका आधारमा सहकार्य वा समन्वय गरेर थप प्रोत्साहन गर्न सक्नेछ । तर यस्तो प्रस्तावना पेश गर्ने सहकारीको SAS अनुगमन र DUNGVE विश्लेषणको आधारमा नगरले आवश्यक निर्णय लिनेछ ।

**१३. दायित्व सीमित हुने :**

(१) सहकारी संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

(२) सहकारी संस्थाको नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

(३) सन्चालकहरू तोकिए बमोजिम पदमा रहुनन्जेल र पदमा नरहे पनि आफू पदमा हुँदा गरेको कामको लागि जवाफदेही हुनेछन् ।

(४) सहकारी सम्वन्धी सवै ऐन कानून बमोजिम संस्था र सदस्यहरूको हितका लागि आफ्नो कर्तव्य पूरा गर्नु सम्वन्धित सवै सदस्यको कर्तव्य हुनेछ ।

**१४. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने:**

सहकारी संस्थाको गठन तथा सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

## परिच्छेद-३
## संस्थाका उद्देश्य तथा कार्य

**१५. संस्थाको उद्देश्य :**

कार्यक्षेत्रमा आधारित र सदस्य केन्द्रित भई आफ्ना सदस्यहरूको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु संस्थाको मुख्य उद्देश्य हुनेछ ।

**१६. संस्थाको कार्य :**

संस्थाका कार्यहरु देहाय बमोजिम हुनेछन्ः-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्नेगराउने,

(ख) सदस्यको हित प्रवर्द्धनगर्ने गरी व्यावसायिक सेवाहरु प्रदान गर्ने,

(ग) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

(घ) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

(ङ) आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने,

(च) संस्थाको व्यवसायिक प्रवर्द्धन तथा विकास सम्बन्धी क्रियाकलापहरु सञ्चालन गर्ने,

(छ) मन्त्रालय,रजिष्ट्रार, प्रादेशिक रजिष्ट्रार,स्थानीय तह वा दर्ता गर्ने अधिकारीको निर्देशन पालना गर्ने गराउने,

(ज) विनियममा उल्लिखित कार्यहरु गर्ने ।

## परिच्छेद-४
## विनियम तथा आन्तरिक कार्यविधि

**१७. विनियम बनाउनु पर्ने :**

(१) संस्थाले यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड र कार्यविधिको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको विनियम दर्ता गर्ने अधिकारीबाट स्वीकृत भए पछि लागू हुनेछ ।

(३) विनियम वनाउँदा संस्थालाई कानूनले सुम्पिएको स्वायत्तताको र सदस्यहरूलाई सहकारी शिक्षा, जानकारी र सूचनाको सिद्धान्तको परिपालनाको लागि आन्तरिक अनुगमन तथा स्व मूल्यांकनको तोकिए बमोजिमको व्यवस्था संस्था भित्र आफैले गरी लेखा परीक्षणलाई स्वतन्त्र, निश्पक्ष, पारदर्शी र यथार्थ परक वनाउने कुराको सुनिश्चिता गर्नु पर्नेछ ।

**१८. आन्तरिक कार्यविधि बनाउन सक्ने :**

(१) संस्थाले यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड, कार्यविधि र विनियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपनियम (१) बमिजमको आन्तरिक कार्यिविध सम्बन्धित संस्थाको साधारण सभाले स्वीकृत गरेपछि लागू हुनेछ । तर तत्काल साधारण सभा बस्न नसक्ने भएमा तत्काल समितिवाट स्वीकृत गरी अगामी साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

**१९. विनियम र आन्तरिक कार्यविधिमा संशोधन :**

(१) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधि संशोधन हुन सक्नेछ । त्यसरी संसोधन भएको व्यहोरा साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम संशोधन भएको विनियम वा आन्तरिक कार्यविधि दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि लागू हुनेछ ।

## परिच्छेद-५
## सदस्यता

**२०. संस्थाको सदस्यताः**

(१) सोह्र वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिकहरू संस्थाको सदस्य हुन सक्नेछन्ः

(क) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ख) संस्थाको विनियममा उल्लिखित शर्तहरू पालना गर्न मन्जुर गरेको,

(ग) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(घ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(ङ) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकार, प्रदेश सरकारका निकायहरू, स्थानीय तहका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरू संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

(३) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संस्थाले सदस्यता लिन वाधा पर्ने छैन ।

**२१. सदस्यता प्राप्त गर्न निवेदन दिनु पर्नेः**

(१) संस्थाको सदस्यता लिन चाहंने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदनपरेको मितिले पैंतीस दिन भित्र समितिले यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सो को कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित ब्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजूर गर्न सक्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त उजूरी छानविन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यता प्रदान गर्नको लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछ ।

**२२. सदस्य हुन नपाउने** :

(१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा वढी संस्थाको सदस्य हुन पाउने छैन ।

तर यो नियमावली प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो नियमावली प्रारम्भ भएको मितिले तीनवर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

(२) यो नियमावली प्रारम्भ हुँदाका बखत कुनै संस्थामा नेपाल सरकारको निकाय वा नियम २० को उपनियम (२) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृत्रिम व्यक्ति सदस्य भएको भए पाँचवर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

**२३. सदस्यताको समाप्ति**:

(१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः–

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार बार्षिक साधारणसभामा बिना सूचना तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो नियमावली,यस नियमावली अन्तर्गत वनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लङ्घन गरेमा,

(घ) संस्थाको सदस्यको हकमा नियम २० बमोजिमको योग्यता नभएमा ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण,तिर्नु पर्ने कुनै दायित्व वा अन्य कुनै सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व

फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भएता पनि साधारणसभा बोलाउने निर्णय भइसकेपछि साधारणसभा सम्पन्न नभएसम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

**२४. सुविधा प्राप्त गर्न नसक्ने :**

कुनै सदस्यले सहकारी संस्थालाई तिर्नु पर्ने कुनै दायित्व निर्धारित समयभित्र  भुक्तान नगरेमा वा यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुबिधा प्राप्त गर्न सक्ने छैन ।

२४क. संस्थाको कुनै पनि सदस्यले वा सन्चालकले संस्थालाई हानी नोक्सानी हुने र सदस्यको वचतको सुरक्षामा जोखिम वढाउने गरी कुनै काम गरेको भन्ने कुराको हकमा नगरले आफै अनुगमनको क्रममा थाहा पाएमा वा सन्चालक समिति वा आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समितिले नगरलाई सिफारीस गरेमा त्यस्ता सन्चालक वा सदस्यलाई नगर भित्रका सरकारी निकायबाट प्रवाह हुने संवेदनशिल र आधारभूत सेवाहरू वाहेक अन्य सेवा सुविधा निजले संस्थाप्रतिको जिम्मेवारी पूरा नगरे सम्म स्थगन गर्न वा निज र निजको एकाघरका, सगोलका व्यक्तिहरूको नाममा भएको चल, अचल सम्पत्ति समेत रोक्का राख्न सम्वन्धित निकायलाई लेखि पठाउन सकिनेछ ।

## परिच्छेद -६
## साधारणसभा, समिति तथा लेखा सुपरिवेक्षण समिति

**२५. साधारण सभाः**

(१) सहकारी संस्थाको सर्वोच्च अङ्गको रूपमा साधारणसभा हुनेछ ।

(२) सहकारी संस्थाका सबै सदस्यहरु साधारणसभाका सदस्य हुनेछन् ।

(३) सहकारी संस्थाको साधारणसभा देहाय बमोजिम हुनेछः-

(क)प्रारम्भिक साधारणसभा,

(ख)वार्षिक साधारणसभा,

(ग) विशेष साधारणसभा ।

**२५.१ सभाको पूर्व जानकारी गराउनु पर्ने :**

संस्थाको जुन सुकै किसिमको सभा वस्ने भए पनि त्यस सभा सन्चालन हुने मिति, सयय, स्थान र छलफलका मुख्य विषयहरूको पूर्व जानकारी सभा वस्नु भन्दा कम्तीमा १५ दिन अघि नै संस्थाको मुख्य कार्यालय रहेको सम्वन्धित वडा, नगरपालिका, सम्वन्धित सवै सदस्यहरू र सवै समितिहरूलाई उपलब्ध गराउनु पर्नेछ साथै वडा र नगरको प्रतिनिधिलाई सो सभामा आमन्त्रण गर्नु पर्नेछ । यसरी पूर्व जानकारी विना नै भएको सभालाई नगरले मान्यता नदिन पनि सक्नेछ । यस्तो गर्ने अध्यक्ष र प्रवन्धकलाई जनही रू. एक एक हजार जरिवाना गरी पुनः सो सभा गर्न निर्देशन दिन सक्नेछ ।

**२६. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकारः**

प्रारम्भिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रारम्भिक साधारणसभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने,

(ख) चालू आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

(घ) विनियममा उल्लेख भए बमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

(ङ) आन्तरिक कार्यविधि पारित गर्ने,

(च) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(छ) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२७. वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार :**

वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

(ग) संचालक समिति, आन्तरिक अनुगमन तथा कारवाही सिफारिस समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

(घ) सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने,

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि पारित गर्ने,

(छ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

(ज) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

(झ) पारिश्रमिक लगायतका सुविधा तोक्ने,

(ञ) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

(ट) सदस्यको दायित्व मिनाहा दिने,

(ठ) समितिलाई आवश्यक निर्देशन दिने,

(ड) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

**२८. साधारणसभाको बैठक :**

(१) समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारणसभा बोलाउनु पर्नेछ

(२) समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले छ महिनाभित्र वार्षिक साधारणसभा बोलाउनु पर्नेछ

(३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछः-

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनुपर्ने समितिवाट निर्णय भएमा,

(ख) नियम ३८ को उपनियम (१) को खण्ड (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारणसभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(घ) विशेष साधारणसभा बोलाउनु पर्ने कारण खुलाइ पच्चिस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) नियम २९ कोउपनियम (१) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पूरा नगरी संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीलाई जानकारी दिई साधारण सदस्यहरु मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

**२९. विशेष साधारणसभा बोलाउन निर्देशन दिन सक्ने**ः

(१) संस्थाको निरीक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजूरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाको समितिलाई साधारणसभा बोलाउन निर्देशन दिन सक्नेछ :–

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेमा,

(ख) यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेमा,

(घ) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा,

(ङ) नियम ३१ को उपनियम (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएमा ।

(२) उपनियम (१) बमोजिम साधारणसभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारणसभाको बैठक बोलाउनु पर्नेछ र साधारणसभाको बैठकमा उजूरी वा निरीक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) वा (२) मा उल्लिखित अवधिभित्र समितिले साधारणसभा नबोलाएमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारणसभा बोलाउन सक्नेछ ।

(४) सहकारी संस्थाको साधारणसभाको लागि गणपूरक संख्या तत्काल

कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ ।

तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा संचालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरूको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि नियम २८ को (४) मा भएको व्यवस्था सोहीअनुसार हुनेछ ।

(६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा समान कार्यसूचीमा तोकिए बमोजिम सदस्य संख्याको आधारमा वडा-वडा वा अन्य पायकको स्थानमा संचालक सदस्यहरूलाई पठाई साधारण सभा गर्न र त्यस्तो सभाको निर्णय प्रमाणित गर्न प्रतिनिधिहरू छनौट गरी त्यस्ता प्रतिनिधिहरूको उपस्थितिको सभाले अन्तिम निर्णय प्रमाणित गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

**३०. सञ्चालक समिति :**

(१) सहकारी संस्थामा साधारणसभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ ।

तर, एउटै व्यक्ति लगातार एउटै पदमा दुई पटकभन्दा बढी सञ्चालक हुन पाउने छैन ।

(२) उपनियम (१) बमोजिमको समितिमा उपलब्ध भएसम्म कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्य सहित समावेशी प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

(३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

(४) कुनै संस्थाको सञ्चालक सोही संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैंक बाहेक अर्को कुनै संस्थाको संचालक बन्न पाउने छैन ।

तर वार्षिक दुई करोड रूपैयाभन्दा कमको कारोवार गर्ने सहकारी

संस्थाको सञ्चालकले त्यस्तो सहकारी संस्थामा कर्मचारीको रूपमा काम गर्न बाधा पर्ने छैन । वार्षिक दुई करोडभन्दा बढि कारोवार गर्ने संस्थामा कुनै संचालक कर्मचारी रहेको भए यो नियमावली प्रारम्भ भएको मितिले दुई वर्षभित्र त्यस्तो संचालकले कर्मचारीको पद त्याग गरी अर्को कर्मचारीको व्यवस्था गर्नुपर्नेछ ।

(६) यो नियमावली प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी संस्थाको सञ्चालक वा सोही वा अर्को संस्थाको कर्मचारी भएकोमा यो नियमावली प्रारम्भ भएको मितिले एक वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

(७) समितिको कार्यावधि चार वर्षको हुनेछ ।

**३१. सञ्चालक समितिको निर्वाचन :**

(१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तिमा एक महिना अघि अर्को समितिको निर्वाचन गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले छ महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्बन्धित समितिलाई आदेश दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित समितिले सो आदेश बमोजिमको समयावधिभित्र समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम समितिको निर्वाचन नगराएमा दर्ता गर्ने अधिकारले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागीगराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने गराउनेछ ।

(५) उपनियम (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्बन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

(६) उपनियम (५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नु पर्नेछ।

(७) यस नियम बमोजिम समितिको अर्को निर्वाचन नभएसम्मको लागि समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

(८) निर्वाचन समिति गठन भई सके पश्चात कुनै कारणले सो समिति वा समितिको संयोजक वा कुनै सदस्यले काम गर्न नसकेमा सो समितिले गर्न बाँकी रहेको कामको लागि नगरले आवश्यक व्यवस्था गर्नेछ ।

(९) संस्थाका सबै किसिमका समिति तथा उपसमितिहरूको उम्मेदवारीको लागि आफू सहकारी सम्बन्धी प्रचलित संघीय, प्रादेशिक तथा स्थानीय कुनैपनि कानून बमोजिम उम्मेदवारीको लागि अयोग्य नभएको भनी अनुसूची-१२ बमोजिमको स्वःघोषणा गर्नुपर्नेछ । यसरी उसले गरेको स्वःघोषणा बमोजिम निजले प्रचलित कानून बमोजिम कुनै विवरण ढाँटेको वा झुटा विवरण पेश गरेकोमा प्रचलित कानून बमोजिम हुने सजाएको भागेदार निज आफैं हुनुपर्नेछ ।

**३१.१आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समितिको निर्बाचन :** साधारण सभा वा विशेष साधारण सभाबाट SEKYYOS मापदण्डको परिच्छेद २ बमोजिम पाँच जनाको आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समिति गठन गर्नु पर्नेछ । यस सम्वन्धी अन्य व्यवस्था सोहि मापदण्डमा उल्लेख भए बमोजिम हुनेछ ।

**३२. समितिको काम, कर्तव्य र अधिकार :**

यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) सहकारीका मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

(ख) आर्थिक तथा प्रशासकीय कार्य गर्ने, गराउने,

(ग) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा तथा विशेष साधारणसभा बोलाउने,

(घ) साधारणसभाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने,

(ङ) संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारणसभा समक्ष पेश गर्ने,

(च) संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने,

(ज) सम्बन्धित संघको सदस्यता लिने,

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार गरी साधारणसभामा पेश गर्ने,

(ञ) संस्थाको कार्यक्षेत्रभित्र संस्थाको कारोबार र व्यवसायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने,गराउने,

**३३. सञ्चालक पदमा बहाल नरहने:**

देहायको कुनै अवस्थामा सञ्चालक आफ्नो पदमा बहाल रहन सक्ने छैन:–

(क) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

(ख) निजलाई नियम ३४ को उपनियम (१) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

(ग) निज अर्को संस्थाको सञ्चालक रहेमा,

(घ) निज सोही वा अर्को संस्थाको कर्मचारी रहेमा,

तर नियम ३० को उपनियम (४) को प्रतिबन्धात्मक वाक्यांशमा लेखिएको कुरामा सोहीबमोजिम हुनेछ ।

(ङ) निज सोही वा अर्को संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा

(च) निजको मृत्यु भएमा ।

**३४. सञ्चालकलाई पदबाट हटाउन सक्ने :**

(१) साधारणसभाले बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको सञ्चालक पदबाट हटाउन सक्नेछ :–

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवसायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रूपमा काम गर्न नसक्ने भएमा,

(च) कुनै सञ्चालकमा यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम वा विनियममा उल्लिखित योग्यता नरहेमा ।

(छ) निजको स्थायी वसोबास संस्थाको कार्यक्षेत्र भन्दा अन्यत्र भएमा

(२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारणसभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारणसभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपनियम (३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्यको सदस्यता स्वत खारेज हुनेछ ।

(५) उपनियम (३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारणसभाले बाँकी अवधिको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

**३५. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :**

(१) सञ्चालकले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

(२) सञ्चालकले आफूलाईमात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

(३) कुनै सञ्चालकले उपनियम (१) को बिपरीत हुने गरी वा आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा त्यस्तो काम कारबाही प्रति त्यस्तो सञ्चालक व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गरिनेछ ।

**३६. समितिको विघटन :**

(१) साधारणसभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः-

(क) समितिको बदनियतपूर्ण कार्यबाट संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संस्थाले तिर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,

(ङ) यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त वा दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लङ्घन गरेमा ।

(२) उपनियम (१) बमोजिम समिति विघटन भएमा साधारणसभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।

(३) समितिले यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा नियम २९ को उपनियम (२) बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

(४) उपनियम (३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले तीन महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन गर्न दर्ता गर्ने अधिकारीले तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

(५) यस नियम बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

**३७. लेखा सुपरीवेक्षण समितिको गठन** :

(१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरु रहने गरी साधारणसभाले निर्वाचनबाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

(२) एउटै परिवारको वा एकाघरको नाताका व्यक्तिहरू SEKYYOS मापदण्डको दफा १० बमोजिम गठित अनुगमन सहजीकरण समूहमा वाहेक संस्थाका अन्य कुनै पनि समिति वा उप समितिको कुनै पनि पदमा एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थामा उम्मेदवार बन्न र निर्वाचित हुन पाउने छैनन् ।

(३) उप नियम २ को उल्लंघन गरी कुनै पदमा त्यस्तो एउटै परिवारका

व्यक्तिहरू निर्वाचित वा मनोनित भएको पाईएमा नगरपालिकाले त्यस्ता व्यक्तिहरू मध्ये कुनै एक जना मात्र संस्थाको सम्वन्धित पदमा रहन निर्देशन दिनेछ र यस्तो निर्देशनको पालना नगरेमा क्रमशःसमति तथा उप समितिको पदाधिकारीको रूपमा रहेको त्यस्ता व्यक्तिको पदमा रिक्त भएको निर्णय गरी सो सम्वन्धित संस्था र अन्य सम्वन्धित निकायलाई जानकारी गराई उक्त पदमा पुनः नियमानुसार निर्वाचन वा मनोनयम गर्न निर्देशन दिनेछ ।

**३८. लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार** :

(१) लेखा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) कम्तिमा त्रैमासिक रूपमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने, गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने, गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने, गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,

(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारणसभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणबाट कुनै संस्थाको हितमा प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारणसभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यक परेमा आन्तरिक लेखा परीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

(२) लेखा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

## परिच्छेद-७
## बचत तथा ऋण परिचालन

**३९. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने :**

(१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्ने, सोको परिचालन गर्ने र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बचत तथा ऋणको मुख्य कारोबार गर्ने गरी दर्ता भएको संस्था बाहेक अन्य विषयगत वा वहुउद्देश्यीय संस्थाले बचत तथा ऋणको मुख्य कारोवार गर्न पाउने छैन।

तर यो नियमावली प्रारम्भ हुनु अघि बहुउद्देश्यीय वा विषयगत संस्थाको रूपमा दर्ता भई मुख्य कारोवारको रूपमा वचत तथा ऋणको कारोवार गर्दै आएको भए त्यस्तो संस्थाले तीन वर्ष भित्रमा वचत तथा ऋणको मुख्य कारोवार नहुने गरी दर्ता हुँदाका बखतमा उल्लेख गरिएको मुख्य कारोवार गर्ने गरी संस्था सञ्चालन गर्नुपर्नेछ ।

(३) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क लिन पाइने छैन ।

(४) बचत र ऋणको ब्याजदर बिचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

(५) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

(६) संस्थाले कुनैपनि कम्पनीको शेयर खरिद गर्न सक्ने छैन ।
तर

(१) संस्थाको दायित्वप्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरीद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरूको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पूँजी कोष परिचालन गर्न वाधा पर्ने छैन ।

(२) यो नियमावली प्रारम्भ हुनु अघि कुनै संस्थाले कुनै कम्पनीको शेयर खरिद गरेको भएमा त्यस्तो शेयर यो नियमावली प्रारम्भ भएको मितिले एक वर्ष अवधिभित्र हस्तान्तरण गरिसक्नु पर्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले यो

नियमावली प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्दधित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन ।

(७) संस्थाले शेयर पूँजी कोषको दश गुणासम्म वचत संकलन गर्न सक्नेछ ।

(८) संस्थाले दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गर्न सक्ने छैन ।

**३९.१ ऋणमा लिने व्याज तथा वचतमा दिने व्याजको गणना सम्वन्धी विशेष व्यवस्था :**

संस्थाले सदस्यहरूलाई ऋणमा लिने व्याज र वचतमा दिने व्याज गणना प्रति स्पस्ट वुझाईको लागि ऋण दिएको महिना पछिको र वचतमा पनि वचत भएको महिना पछिको महिनाबाट मात्र दिने गरी आवश्यक निर्णय वा व्यवस्था गर्न सक्नेछ ।

**४०. सन्दर्भ व्याजदर सम्बन्धी व्यवस्था:**

(१) संघीय कानुन बमोजिम रजिष्ट्रारले बचत तथा ऋणको सन्दर्भ व्याजदर तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको सन्दर्भ ब्याजदर संस्थाका लागि निर्देशक ब्याजदर हुनेछ ।

(३) नगर भित्रका सवै सहकारी संस्थाहरूमा सन्दर्भ व्याजदरमा एकरूपता कायम गर्ने गरी संस्थाका प्रवन्धकहरू, अध्यक्षहरू र आवश्यक ठानेका अन्य व्यक्तिहरू समेतको टोली गठन गरी सुझाव माग गर्ने र सोका आधारमा नगरपालिकाले आवश्यक निर्णय गरी कार्यान्वयमा ल्याउनेछ । यस सम्वन्धित अन्य कुराहरू नगरपालिकाले तोके बमोजिम हुनेछ ।

**४१. व्यक्तिगत बचतको सीमा:**

संस्थामा सदस्यको व्यक्तिगत बचतको सीमा तीस लाखसम्म हुनेछ । तर संस्थाका कुल शेयर पूँजी, कुल वचतको सीमा आदिको आधारमा नगरले आवश्यक निर्णय गर्न सक्नेछ ।

## परिच्छेद -९
## आर्थिक स्रोत परिचालन

**४२. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यबस्था :**

(१) संस्थाले आफ्नो सदस्यलाई शेयर विक्री गर्न सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थाले एकै सदस्यलाई आफ्नो कुल शेयर पूँजीको बीस प्रतिशतभन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन ।

तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागू हुने छैन।

(४) संस्थाको शेयरको अंकित मूल्य प्रति शेयर एक सय रूपैयाँ हुनेछ ।

(५) संस्थाको शेयरपूँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

(६) संस्थाले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

(७) संस्थाको मूलधनको रूपमा रहेको कुनै सदस्यको शेयर सोही संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

**४३. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था :**

(१) कुनै सदस्यले संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता माग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ।

(३) संस्थाले वचत खाताहरू मात्र संचालन गर्न सक्नेछ ।

**४४. ऋण वा अनुदान लिन सक्ने:**

(१) संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा

अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न संघीय कानून वमोजिम स्वीकृती लिनु पर्ने छ ।

(२) उपनियम (१) वमोजिम विदेशी बैंक वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिएवमोजिमको विवरणहरू सहित दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) वमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले कार्यपालिकामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको प्रस्ताव कार्यपालिकाले उपयुक्त देखेमा स्वीकृतीकोलागि मन्त्रालयमा शिफारिस गरि पठाउनेछ ।

**४५. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने**:

(१) संस्थाले विदेशी बैं। वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून वमोजिम स्वीकृतिकोलागि दर्ता गर्ने अधिकारी समक्ष प्रस्ताव सहित निवेदन दिनु पर्ने छ ।

(२) उपनियम (१) वमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा कार्यपालिकाले संघीय कानुन बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा शिफारिस गरि पठाउनु पर्नेछ ।

## परिच्छेद -१०
## संस्थाको कोष

**४६ संस्थाको कोष :**

(१) संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ :–

(क) शेयर बिक्रीबाट प्राप्त रकम,

(ख) बचतको रूपमा प्राप्त रकम,

(ग) ऋणको रूपमा प्राप्त रकम,

(घ) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

(च) व्यवसायिक कार्यबाट आर्जित रकम,

(छ) सदस्यता प्रवेश शुल्क,

(ज) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

**४७. जगेडा कोष :**

(१) संस्थामा एक जगेडा कोष रहनेछ ।

(२) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :–

(क) आर्थिक वर्षको खूद बचत नाफा रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पूँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति विक्रीबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपनियम (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ ।

**४८. संरक्षित पूँजी फिर्ता कोषः**

(१) संस्थामा एक संरक्षित पूँजी फिर्ता कोष रहनेछ ।

(२) नियम ४७ बमोजिमको जगेडा कोषमा सो नियमको उपनियम (२) को खण्ड (क) बमोजिमको रकम छुट्ट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपनियम (१) बमोजिमको कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानुनमा तोकिए बमोजिमको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलब्ध गराउनु पर्नेछ ।

**४९. सहकारी प्रवर्द्धन कोषसम्बन्धी व्यवस्था:**

(१) संस्थाले सहकारी व्यवसायको प्रवर्द्धन गर्नको लागि नियम ४७ बमोजिम जगेडा कोषमा सो नियमको उपनियम (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानुनमा व्यवस्था भएबमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रूपमा जम्मा गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको कोषको उपयोग संघीय कानुन व्यवस्था भएबमोजिम हुनेछ ।

**५0. अन्य कोष सम्बन्धी व्यबस्था:**

(१) नियम ४६, ४७, ४८ र ४९ मा उल्लिखित कोषका अतिरिक्त संस्थामा सहकारी शिक्षा कोष, ऋृण ड'वन्त कोष , शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरू रहन सक्ने छन् ।

(२) माथि उप दफा १ मा उल्लेख भएका कोषहरूमा प्रचलित संघीय कानून बमोजिमको रकम व्यवस्था गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्य पूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ ।
तर एक वर्षको शेयर लाभांशको रकम शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन ।

## परिच्छेद -११
## अभिलेख र सूचना

**५१. अभिलेख राख्नु पर्ने :**

(१) संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिबेक्षण समितिको बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ ।

(२) संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरु तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ ।

(३) संस्थाका यस्ता सवै अभिलेख सुरक्षित र व्यवस्थित गर्ने गराउने दायित्व प्रवन्धकको हुनेछ ।

**५२. विवरण उपलब्ध गराउनु पर्ने :**

संस्थाले देहायका विवरणहरु सहितको प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ :-

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) बार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) खुद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सञ्चालकको नाम तथा बाँकी कार्यावधिको सूची,

(ङ) साधारणसभाको बैठक सम्बन्धी जानकारी,

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) सञ्चालक वा सदस्यले लिएको ऋण तिर्न बाँकी रहेको रकम,

(ज) दर्ता गर्ने अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

## परिच्छेद - १२
## लेखा र लेखापरीक्षण

**५३. कारोबारको लेखाः**

संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरूपमा देखिने गरी संघीय कानून बमोजिम रजिष्ट्रारले लागू गरेको लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस नियमावली बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ ।

**५४. लेखापरीक्षणः**

(१) संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकद्वारा गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि भित्र कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

(३) उपनियम (२) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनु पर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्नेछ । यस्तो पारिश्रमिक तोक्दा लेखा परीक्षण सम्बन्धी सम्बन्धित निकायले तोकेको आधारभूत मापदण्डलाई समेत आधार मान्नु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारणसभासमक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारणसभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारणसभाले नियम ५५ को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

(६) लेखा परीक्षकको नियुक्ति गर्दा साधारण सभाले लेखा सुपरीवेक्षण समितिले सिफारीस गरेको तीन जना लेखा परीक्षकहरू सूची अनुमोदन गरी त्यस मध्ये एक जनालाई नियुक्ति दिनु पर्नेछ । यसरी नियुक्ति पाएको लेखा परीक्षकले तोकिएको समय भित्र लेखा परीक्षण नगरेमा सभाले अनुमोदन गरेको सूचीमा भएको अन्य लेखा

परीक्षक मार्फत लेखा परीक्षण गराउनु पर्नेछ ।

(७) लेखा परीक्षण सम्वन्धी कार्यलाई प्रभावकारी, विश्वसनीय, पारदर्शी, निश्पक्ष, स्वतन्त्र र यथार्थपरक ढंगले सम्पन्न गराउन आवश्यक वातावरण निर्माण गर्नका लागि संस्थाले तपसिल बमोजिम गराउनु पर्नेछ ।

(क) लेखा परीक्षकको नियुक्ति भई पारिश्रमिक समेत तोकिसके पछि नियुक्ति पाएको मितिले १५ दिन भित्र नियुक्ति पत्र र अनुसुची ५ बमोजिमको विवरण सहित तोकिएको पारिश्रमिक नगरपालिकामा जम्मा गरिदिनु पर्नेछ ।

(ख) सम्वन्धित लेखा परीक्षकले लेखा परीक्षणको कार्य सम्पन्न गरी लेखा परीक्षण प्रतिबेदन संस्थामा पेश गरी सो को जानकारी नगरपालिकालाई गराए पछि अनुसुची ६ बमोजिमको विवरण सहित भुक्तानी माग गर्ने र भुक्तानी माग गरेकै दिन वा सो को भोलीपल्ट निजको तोकिएको पारिश्रमिक भुक्तानी दिनु पर्नेछ ।

(ग) लेखा परीक्षकले समयमा काम सम्पन्न नगरेमा वा अनावश्यक दुःख दिएको भनी आवश्यक प्रमाण सहित नगरमा निबेदन दिएमा सो सम्वन्धमा आवश्यक जाँचवुझ गरी आवश्यक कारवाहीका लागि नगरले सिफारीस गरी पठाउनेछ ।

(घ) लेखा परीक्षण गर्दा कसैलाई गैर कानूनी लाभ वा हानी पुर्‍याउने वद्नियत राखि प्रतिबेदन तयार गरे गराएको पाईएमा त्यस्तो गर्ने गराउनेलाई प्रचलित कानून बमोजिम कारवाहीको सिफारीस गरिनेछ । र यस्तो लेखा परीक्षकलाई नगर भित्रको कुनै पनि सरकारी निकाय वा सहकारी संस्थाहरूको लेखा परीषण गर्न दिईने छैन ।

(ङ) कुनै संस्थाले माथि उप दफा ६ मा तोकिएको व्यवस्था बमोजिम नगरेमा त्यस्तो संस्थाको लेखा परीक्षक नगरआफैले खटाउन सक्नेछ ।

साथै सो बमोजिम नगरी सिधै पारिश्रमिक भुक्तानी गरेमा त्यस्ता सहकारी संस्थाका भुक्तानी दिने जिम्मेवार पदाधिकारीहरूबाट भएकै रकम वरावर जरिवाना गरिनेछ ।

**५५. लेखापरीक्षकको नियुक्ति :**

(१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षकहरु मध्येबाट साधारणसभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।

(२) उपनियम (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

**५६. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने :**

(१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैन :-

(क) सहकारी संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संस्थाको सदस्य,

(ग) सहकारी संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाएको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाएको पाँच वर्ष भुक्तान नभएको,

(छ) सम्बन्धित संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

(२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपनियम (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नु पर्नेछ ।

(३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रूपमा संस्थालाई दिनु पर्नेछ ।

(४) यस नियमको प्रतिकूल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

## परिच्छेद - १३
## छुट,सुविधा र सहुलियत

**५७. छुट, सुविधा र सहुलियतः**

(१) संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय कानुन बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद–१४
## ऋण असुली तथा बाँकी बक्यौता

**५८. ऋण असूल गर्नेः**

(१) कुनै सदस्यले संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखाभित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ । धितो सम्बन्धित संस्थाले सकारेपश्चात् पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति फिर्ता लिन चाहेमा फिर्ता गर्नुपर्नेछ ।

(२) कुनै सदस्यले संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

(३) उपनियम (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपनियम (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको

रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ ।

(४) यस नियम बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्चको रकम तथा असूल उपर भएको साँवा, व्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्बन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

(५) यस नियम बमोजिम कुनै संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित संस्थालाई दिनु पर्नेछ ।

(६) यस नियम बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्था आफैंले सकार गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

**५९. कालो सूची सम्बन्धी व्यवस्था:**

संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा तोकिएको समयावधि भित्र ऋणको साँवा व्याज फिर्ता नगर्ने व्यक्तिको नामनामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**६०. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था:**

कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**६१ बाँकी बक्यौता असूल उपर गर्ने :**

कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो

रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गरिदिन सक्नेछ ।

**६२. रोक्का राख्न लेखी पठाउने:**

(१) संस्था वा दर्ता गर्ने अधिकारीले नियम ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्बन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता,जाय जेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राखीदिनु पर्नेछ ।

**६३. अग्राधिकार रहने:**

कुनै व्यक्तिले संस्थालाई तिर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकारको कुनै हक दाबी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा संस्थाको अग्राधिकार रहनेछ ।

**६४. कार्यवाही गर्न वाधा नपर्ने:**

संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सहकारी संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस नियमावली तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

## परिच्छेद- १५
## एकीकरण, बिघटन तथा दर्ता खारेज

**६५. एकीकरण तथा विभाजन सम्बन्धी व्यबस्था:**

(१) यस नियमावलीको अधिनमा रही दुई वा दुईभन्दा बढी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी संस्थामा विभाजन गर्न सकिनेछ ।

(२) उपनियम (१) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्बन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत तोकिए बमोजिम खुलाउनु पर्नेछ।

**६६. विघटन र दर्ता खारेज:**

(१) कुनै संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीको स्वीकृतिका लागि समितिले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिनसक्नेछ :-

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि दर्ता गर्ने अधिकारीले देहायको अवस्थामा मात्र संस्थाको दर्ता खारेज गर्न सक्नेछ :-

(क) लगातार दुई वर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) कुनै संस्थाले यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(घ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(४) उपनियम (२) वा (३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थालाई सुनुवाईको लागि पन्„ दिनको समय दिनु पर्नेछ ।

(५) उपनियम (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ ।

(७) उपनियम (२) वा (३) बमोजिम संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

**६७. लिक्वीडेटरको नियुक्तिः**

(१) नियम ६६ बमोजिम कुनै संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले लिक्वीडेटर नियुक्त गर्नेछ ।

(२) उपनियममा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि संघीय कानुनमा तोकिएको सिमा सम्मको सम्पति भएको संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृतस्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

**६८. लिक्वीडेशन पछिको सम्पतिको उपयोगः**

कुनै संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानुनमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१६
## दर्ता गर्ने अधिकारी

**६९. दर्ता गर्ने अधिकारीः**

(१) यस नियमावली अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरु बनेपा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

(२) नयाँ सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था दर्ता गर्न प्रकृया पूरा भएको भए स्वीकृतीकालागि प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको दर्ता गर्ने अधिकारीले यस नियमावली बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार बनेपा नगरपालिकाको प्रमुखको स्वीकृतीमा आफू मातहतको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**७०. काम, कर्तव्य र अधिकारः**

यस नियमावलीमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -१७
## निरीक्षण तथा अनुगमन

**७१. निरीक्षण तथा अभिलेख जाँच गर्नेः**

(१) दर्ता गर्ने अधिकारीले संस्थाको जुनसुकै वखत निरीक्षण तथा अभिलेख परीक्षण गर्न, गराउन सक्नेछ ।

(२) नेपाल राष्ट्र बैङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने संस्थाको हिसाब किताब वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

(३) उपनियम (२) को प्रयोजनको लागि नेपाल राष्ट्र बैंकले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आबश्यक विवरण वा सूचनाहरु संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(५) उपनियम (१) वा (२) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै संस्थाको कामकारबाही यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु त्यस्तो संस्थाको कर्तव्य हुनेछ ।

(६) नेपाल राष्ट्र बैंकले यस नियम बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा नेपाल राष्ट्र बैंकले प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

(७) यस नियम बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैंकले कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

**७२. छानविन गर्न सक्ने** :

(१) कुनै संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा सो संस्थाको उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा वीस प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम छानिवन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

(३) उपनियम (१) वा (२) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित संस्थालाई लिखित रूपमा दिनु पर्नेछ ।

**७३. बचत तथा ऋणको कारोबार गर्ने संस्थाको निरीक्षण तथा अनुगमन सम्बन्धी विशेष व्यवस्था :**

(१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्बन गर्नु पर्नेछ ।

(२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

(३) उपनियम (२) बमोजिम संस्थाको निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार नेपाल राष्ट्र बैंक लगायतका अन्य निकायको सहयोग लिन सक्नेछ ।

**७४. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :**

(१) दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र संस्थाको निरीक्षण सम्बन्धी वार्षिक प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा देहायका विवरणहरु खुलाउनु पर्नेछः–

(क) सञ्चालनमा रहेका संस्थाको विवरण,

(ख) अनुगमन गरिएका संस्थाको संख्या तथा आर्थिक कारोवारको विवरण,

(ग) संस्थामा सहकारी सिद्धान्त र यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधिको पालनाको अवस्था,

(घ) संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(ङ) संस्थाको क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(च) संस्थालाई बनेपा नगरपालिकाबाट प्रदान गरिएको वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(छ) संस्थाको आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्बन्धी

तोकिए बमोजिमका विवरण,

(ज) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(झ) संस्थामा सुशासन तथा जिम्मेवारीको अवस्था,

(ञ) संस्थामा रहेका कोषको विवरण,

(ट) संरक्षित पूँजी फिर्ता कोष वितरणको अवस्था,

(ठ) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरु,

(ड) सहकारी संस्थाको दर्ता, खारेजी तथा विघटन सम्बन्धी विवरण,

(ढ) संस्थाले सञ्चालन गरेको नियम १२ बमोजिमको कारोवार, व्यवसाय, उद्योग वा परियोजनाको विवरण,

(ण) तोकिए बमोजिमका अन्य विवरण ।

**७५. आपसी सुरक्षण सेवा संचालन सम्बन्धी व्यवस्थाः**

संस्थाले संघीय कानुनमा व्यवस्था भएबमोजिम आफ्ना सदस्यहरूको बालीनाली वा वस्तुभाउमा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

**७६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्थाः**

बचत तथा ऋण विषयगत संस्थाहरु सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानुनमा व्यवस्था भएबमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन् ।

## परिच्छेद -१८
## समस्याग्रस्त संस्थाको व्यवस्थापन

**७७. संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने:**

(१) यस नियमावली बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा कार्यपालिकाले त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रूपमा घोषणा गर्न सक्नेछः

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पूरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यो नियमावली, यस नियमावली अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी संस्था सञ्चालन भएको,

(ङ) संस्था दामासाहीमा पर्न सक्ने अबस्थामा भएको वा उल्लेखनीय रूपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) कुनै संस्थाले सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा वीस प्रतिशत वा वीस जना मध्ये जुन कम हुन्छ सो वरावरका सदस्यहरूले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको ।

(२) उपनियम -१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी वा निबेदन वा पीडितहरूले सम्वन्धित अन्य कुनै सरकारी निकायमा दिएको निबेदन वा नगरपालिकामा दिएको निबेदन वा, उजुरी संख्या, औचित्य समेतको आधारमा त्यस्तो निकायबाट सिफारीस भई आएमा वा नआए पनि समस्याग्रस्त सहकारी संस्थाको रूपमा घोषणा गर्न आवश्यक भएमा बनेपा नगरकार्यपालिकाले त्यसतो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

(३) उप नियम (२) बमोजिम समस्याग्रस्त सहकारी घोषणा भए पश्चात त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानीको लागि नगरपालिकाले सो कार्यको लागि नेपाल सरकारले गठन गरेको वा सो कार्यको लागि जिम्मेवारी तोकेको निकायमा सिफारीस गरी पठाउनेछ ।

तर यसरी सम्वन्धित निकायमा सिफारीस गर्नु पूर्व त्यस्तो संस्थाका सन्चालकहरू वा निजको एकाघरका नाताका व्यक्तिहरूको नाममा भएको जायजेथा रोक्का राख्न सम्वन्धित निकायलाई पत्राचार गरिनेछ ।

**७८. व्यवस्थापन समितिको गठन:**

(१) नियम ७७ बमोजिम समस्याग्रस्त संस्था घोषणा भएकोमा त्यस्तो संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गर्न दर्ता गर्ने अधिकारीले कार्यपालिका समक्ष सिफारिस गर्नेछ ।

(२) उपनियम (१) बमोजिम शिफारिस भई आएमा कार्यपालिकाले तोकिए वमोजिम व्यवस्थापन समितिको गठन गर्न सक्ने छ ।

(३) उपनियम (२) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य अधिकार तोकिए बमोजिम हुनेछ ।तर त्यस्तो समिति आर्थिक, व्यवस्थापकीय तथा अन्य कारणले तत्काल गठन गर्न सम्भव छैन भन्ने लागि सो सम्वन्धी नगरमा कुनै व्यवस्था नभए सम्मको लागि नियम ७७ को उप नियम (३) मा उल्लेख भए बमोमिज गर्नेछ ।

## परिच्छेद-१९
## कसूर, दण्ड जरिवाना तथा पुनराबेदन

**७९. कसूर गरेको मानिने :**

कसैले देहायको कुनै कार्य गरेमा यस नियमावली अन्तर्गतको कसूर गरेको मानिनेछ ।

(क) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रूपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

(ख) सदस्यको बचत यस नियमावली र यस नियमावली अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

(ग) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

(घ) समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

(ङ) ऋण असूल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

(च) समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफू खुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुर्‍याएमा,

(छ) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

(ज) संस्थाले यस नियमावली र यस नियमावली अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

(झ) कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

(ञ) धितोको अस्वाभाविक रूपमा बढी मूल्यांकन गरी ऋण लिएमा वा दिएमा,

(ट) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा

बढाई बढी ऋण लिएमा वा दिएमा,

(ठ) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

(ड) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

(ढ) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरू कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अंक वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(ण) ऋणको धितो स्वरूप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्यांकन गर्दा मूल्यांकनकर्ताले बढी, कम वा गलत मूल्यांकन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,

(त) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

(थ) कुनै संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखा परीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा।

**८०. सजायः**

(१) कसैले नियम ७९ को कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क),(ग),(ड) र (थ) को कसूरमा एक बर्षसम्म कैद र एक

लाख रूपैँयासम्म जरिवाना,

(ख) खण्ड (ठ) को कसूरमा दुई बर्षसम्म कैद र दुई लाख रूपैँयासम्म जरिवाना,

(ग) खण्ड (ख) को कसूरमा विगो बराबरको रकम जरिवाना गरी तीन बर्ष सम्म कैद ,

(घ) खण्ड (घ), (ङ), (च), (छ), (ज), (झ), (ञ), (ट), (ण) र (त) को कसूरमा विगो भराई विगो बमोजिम जरिवाना गरी देहाय बमोजिमको कैद हुनेछ :-

(१) दश लाख रूपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

(२) दश लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म बिगो भए दुई वर्ष देखि तीन वर्षसम्म कैद,

(३) पचास लाख रूपैयाँभन्दा बढी एक करोड रूपैयाँसम्म बिगो भए तीन वर्ष देखि चार वर्षसम्म कैद,

(४) एक करोड रूपैयाँभन्दा बढी दश करोड रूपैयासम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

(५) दश करोड रूपैयाँभन्दा बढी एक अर्ब रूपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

(६) एक अर्ब रूपैयाँभन्दा बढीजतिसुकै रूपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

(ङ) खण्ड (ढ) को कसूरमा दश बर्षसम्म कैद ।

(२) नियम ७९ को कसूर गर्न उद्योग गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) नियम ७९ को कसूर गर्ने वा त्यस्तो कसूर गर्न मद्दत पुऱ्याउनु कुनै निकाय संस्था भए त्यस्तो निकाय संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस नियमावली बमोजिम हुने सजाय हुनेछ ।

(४) यस दफामा उल्लेख भएकोमा सोही बमोजिम र यसमा उल्लेख नभएकोमा SEKYYOS मापदण्डमा उल्लेख भए सोही बमोजिम हुनेछ ।

**८१. जरिवाना हुने :**

(१) नियम ८७ बमोजिम कसैको उजूरी परी वा संस्थाको निरीक्षण अनुगमन वा हिसाब किताबको जाँच गर्दा वा अन्य कुनै व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाखरू पैँयासम्म जरिवाना गर्नेछ :-

(क) यो नियमावली वा यस नियमावली अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,

(ख) संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदर बीचको अन्तर छ प्रतिशतभन्दा बढी कायम गरेमा,

(ग) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पूँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,

(घ) कुनै सदस्यलाई आ^नो पूँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुने गरी ऋण प्रदान गरेमा,

(ङ) संस्था दर्ता गर्दाका बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतित नभई ऋण लगानी गरेमा,

(च) प्राथमिक पूँजी कोषको पन्„ गुणा भन्दा बढीहुने गरी बचत संकलन गरेमा,

(छ) शेयर पूँजीको अठार प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,

(ज) संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसंग कारोवार गरेमा,

(झ) संस्थाले यो नियमावली विपरीत कृत्रिम ब्यक्तिलाई आ^नो सदस्यता दिएमा ।

(२) उपनियम -१) मा लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको दर्ता गर्ने अधिकारीले त्यस्तो कार्यको प्रकृति र गाम्भीर्यको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई तीन लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको नियम बमोजिम

दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

(ख) यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिबेदन, सूचना वा जानकारी नदिएमा,

(ग) यस नियमावली बमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरीवेक्षण समितिका पदाधिकारीहरू आफू खुशी परिवर्तन गरेमा

(घ) कुनै संस्थाले नियम ६ को उपनियम (४) बमोजिमको तोकिएको शर्त पालन नगरेमा,

(ङ) यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको नियम विपरित अन्य कार्य गरेमा ।

(३) उपनियम (१) वा -२) बमोजिमको जरिवाना गर्नु अघि दर्ता गर्ने अधिकारीले सम्बन्धित व्यक्ति वा संस्थालाई सफाई पेश गर्न कम्तीमा पन्द्र दिनको समयावधि दिनु पर्नेछ ।

**८२. रोक्का राख्ने :**

(१) दर्ता गर्ने अधिकारीले सम्बन्धित संस्थालाई नियम ८१ बमोजिम जरिवाना गर्नुका अतिरिक्त तीन महिनासम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैंक खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको सिफारिस प्राप्त भएमा त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैंक खाता रोक्का राखी सो को जानकारी दर्ता गर्ने अधिकारीलाई दिनु पर्नेछ ।

(३) संस्थाका सन्चालक वा कर्मचारी वा कुनै सदस्यले गरेको त्रुटी वा लापरवाही वा कमजोरीको कारण संस्थामा गम्भीर आर्थिक संकट वा विचलन आउने वा वचतकर्ताहरूको वचत रकम जोखिममा पर्ने वा यस्तै अन्य कुनै समस्या देखिने भएमा नगरले तत्काल नगर प्रमुख स्तरीय निर्णय गरी पछि अनुसन्धानबाट ठहरे बमोमिज हुने गरी तत्काल सम्वन्धित सवै सन्चालकको नाममा वा निजको एकाघरका नाताका व्यक्तिहरूको चल अचल सम्पत्ति रोक्का राख्नको लागि सम्वन्धित निकायमा लेखि पठाउने र थप कारवाहीको लागि अन्य सम्वन्धित निकायमा सिफारीस गर्नेछ ।

(४) माथि उप नियम ३ मा जुन सुकै कुरा लेखिएको भएता पनि यदि

सस्थालाई हानी नोक्सानी हुने गरी वा वचतकर्ताको रकम जोखिममा पर्ने गरी कुनै सन्चालक, समिति वा उप समितिका कुनै पदाधिकारी वा कर्मचारीको लापरवाही भएको भनी निज वा निजको एकाघरका नाताका व्यक्तिको नाममा रहेको सम्पत्ति रोक्का राख्न विस्तृत विवरण उल्लेख गरी किटानी सहित आवश्यक कारवाहीको लागि निर्णय गरी निबेदन र प्रमाण संलग्न गरी आकासको सिफारीस सहित नगरमा निबेदन परेमा त्यस्तो गल्ती गर्नेको जायजेथाले भ्याउने रहेछ भने त्यस्तो गल्ती गर्नेको सम्पत्ति मात्र रोक्का राख्न आवश्यक प्रक्रिया अघि बढाईने छ ।

(५) यस नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरूको सन्चालक पदमा नगरपालिकाबाट नियमित वा आंशिक रूपमा तलब, भत्ता, पारिश्रमिक वा अन्य कुनै रकम वुझ्ने पदमा रहेको भए नगरपालिकाले नगरकार्यपालिकाको निर्णय अनुसारको म्याद दिई सूचना प्रकाशित गरिनेछ र त्यस्तो पद उक्त अवधि भित्र त्याग गरिसक्नु गर्नु पर्नेछ । तर संस्थाको सन्चालक वाहेक अन्य समिति तथा उप समितिमा रही काम गर्न भने बाधा पर्नेछैन

(६) उप दफा ५ बमोजिमका व्यक्तिले तोकिए बमोजिमको अवधि भित्र सन्चालकको पदबाट राजीनामा नदिए निजहरूले नगरपालिकाबाट पाउने तलव, भत्ता, पारिश्रमिक जस्ता सुविधाहरू रोक्का गरी प्रचलित कानून बमोजिको आवश्यक प्रक्रिया अघि वढाउनेछ ।

(७) उप दफा ५ बमोजिमका सन्चालकको पदमा रहेका व्यक्तिहरू अन्य सरकारी निकायबाट त्यस्तो तलव, भत्ता, पारिश्रमिक वा अन्य सुविधा रोक्का गर्न पत्राचार गर्न सक्नेछ ।

**८३. दोब्बर जरिवाना हुने**:

नियम ८१ बमोजिम जरिवाना भएको व्यक्ति वा संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दर्ता गर्ने अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना गर्नेछ ।

**८४. अनुसन्धानको लागि लेखी पठाउन सक्ने** :

दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैंकले यस नियमावली बमोजिम आफ्नो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले नियम ७९

बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा यस नियमावली बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

**८५. मुद्दासम्बन्धी व्यवस्थाः**

नियम ८० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुनेछ ।

**८६. मुद्दा हेर्ने अधिकारीः**

नियम ८० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही र किनारा जिल्ला अदालतबाट हुनेछ ।

**८७. उजूरी दिने हद म्याद :**

(१) कसैले नियम ८० बमोजिमको सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिनभित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरी दिनु पर्नेछ ।

(२) कसैले नियम ८० बमोजिम जरिवाना हुने कार्य गरेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले नब्बे दिन भित्र दर्ता गर्ने अधिकारी समक्ष उजूरीदिनु पर्नेछ ।

**८८. पुनरावेदन गर्न सक्ने :**

(१) नियम ७ बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा नियम ६६ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णयउपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(२) नियम ८० बमोजिमको जरिवानामा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः

(क) दर्ता गर्ने अधिकारी र कार्यपालिकाले गरेको निर्णय उपर सम्बन्धित जिल्ला अदालतमा,

(ख) नेपाल राष्ट्र बैंकले गरेको निर्णय उपरसम्बन्धित उच्च अदालतमा ।

**८९. असूल उपर गरिने :**

यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिवाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

## परिच्छेद-२०
## विविध

**९०. मताधिकारको प्रयोग :**

कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भए तापनि सम्बन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफ्नो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

**९१. सामाजिक परीक्षण गराउन सक्ने :**

(१) संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्रापतिबाट सदस्यहरूको जीवनस्तरमा आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारणसभा समक्ष पेश गर्नेछ ।

(३) उपनियम (२) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारणसभाले आवश्यकता अनुसार समितिलाई निर्देशन दिन सक्नेछ ।

(४) यस नियम बमोजिमको सामाजिक परीक्षण प्रतिवेदनको एक प्रति सम्बन्धित संस्थाले दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

**९२. सहकारी शिक्षा : –**

(१) सहकारी क्षेत्रको प्रवर्धन र यसको उपयोगिता र महत्व सम्बन्धी विद्यालय स्तरमा सानो कक्षा देखि नै पाठयक्रममा आधारभूत सहकारी सम्वन्धी विषयवस्तुलाई समावेश गरिनेछ ।

(२) सहकारी शिक्षा सम्वन्धी संस्थाले वर्षमा एक पटक अनिबार्य रूपमा आफ्ना सदस्यहरूको लागि कार्यक्रम सन्चालन गर्नु पर्नेछ । यस्तो कार्यक्रम अन्य सहकारी संस्था वा नियामक निकायसँग समन्वय गरेर पनि गर्न सक्नेछन् ।

(३) यस्तो कार्यक्रममा सदस्यहरू अनिबार्य रूपमा उपस्थित हुनु पर्नेछ ।

(४) साधारण सभा वा सहकारी शिक्षा सम्वन्धी कार्यक्रममा विना कारण वा विना सूचना सदस्यहरू अनुपस्थित भएमा संस्थाले सन्चालक समितिबाट निर्णय गराई अनुपस्थित भएका सदस्यहरूलाई निश्चित रकम जरिवाना गर्न सक्नेछ ।

(५) सहकारी शिक्षा सम्वन्धी मुख्य कुराहरू नियमावलीको अनुसूची ७ मा उल्लेख भए बमोजिम वचत पासवुकमा समेत उल्लेख गर्नु पर्नेछ। सवै संस्थाले अनुसूची ७ बमोजिमको वचत पास वुक जारीगरी वचत पासवुकमा एकरूपता कायम गर्नु पर्नेछ ।

(६) माथि उप नियम ५ मा उल्लेख भए बमोजिम बचत पासवुक यो नियमावली राजपत्रमा प्रकाशन भएको मितिले दुई महिना भित्र जारी गरिसक्नु पर्नेछ । अनुगमन गर्दा त्यस्तो गरेको नपाईएमा प्रति सदस्यहरूसँग भेटिएका वचत पासवुक बापत रू. ५ दरले, दोस्रो पटक भए रू. १० का दरले र तेस्रो पटक भए प्रति वचत पास वुक रू.५० का दरले जरिवाना गरी सो रकम अध्यक्ष र प्रवन्धकबाट असुल उपर गरिनेछ ।

(७) नगरपालिकाले नगरबासीहरूको जानकारी र सचेतनाको लागि अनुसूची ८ बमोजिमको सूचना स्थानीय एफ. एम., पत्रपत्रिका र अन्य माध्यामबाट नियमिति रूपमा सम्प्रेषण गर्नेछ ।

(८) समय समयमा सहकारी शिक्षा सम्वन्धी नाटक निर्माण गरी नगरले सर्वसाधारणलाई सूसुचित गर्नेछ ।

(९) सम्वन्धित सवै संस्थाले आफ्नो संस्थाका सन्चालक समितिका तथा अन्य समिति, उप समितिमा रहेका सवै पदाधिकारी तथा सदस्यहरूको विस्तृत विवरण (नाम, थर, स्थायी ठेगाना, बावुको नाम, बाजेको नाम, ना.प्र.नं. जारी जिल्ला, जारी मिति, फोन नं., फोटो सहितको विवरण, अनुसूची ९ बमोजिमको सहकारी शिक्षा मुलक शन्देश र संस्थाको बार्षिक मुख्य कार्यक्रमको कार्यतालिका सहितको क्यालेन्डर प्रत्येक सालको भाद्र मसान्त भित्र प्रकाशन गरि सक्नु पर्ने र संस्थाको साधारण सभासम्म सो क्यालेन्डर सवै सदस्यहरूलाई उपलब्ध गराईसक्नु पर्नेछ ।

**९३. विनियम पुनर्लेखन सम्वन्धी व्यवस्था** :

नगरले आफ्नो नियमन क्षेत्राधिकार भित्रका सहकारी संस्थाहरूको विनियममा पछि वनेका सहकारी सम्वन्धी ऐन, नियमावली, कार्यविधि, वा मापदण्ड आदिमा भएका व्यवस्थाका कारण धेरै कुराहरू संसोधन गर्नु पर्ने भई तीन महले फाराम गरी सो अनुसार संसोधन गर्दा विनियमको अध्ययनमा नै कठिनाई हुन सक्छ भन्ने ठानेमा वा तीन महले फारम भरी पेश गर्दा सो मा उल्लेखित कुराहरूको अर्थमा नै द्विविधा वा अस्पष्टता हुन अवस्था देखिएमा त्यस्ता संस्थाहरूको पहिलेको विनियम बमोजिम भए गरेका सवै कुराहरू वा त्यस बमोजिम भएका सवै कार्यहरूको स्वामित्व ग्रहण गर्ने गरी विनियम

पुनर्लेखन गरी नगरपालिकाको स्वीकृतिका लागि पेश भएमा उक्त पुनर्लेखन भई आएको विनियम स्वीकृत गरिदिनेछ । यसरी विनियम पुनर्लेखनको लागि पेश गर्दा सो विनियममा भएका परिच्छेद, दफा, सो दफामा भएको व्यवस्था र त्यो पानाको पेज नं. र अनुसूची समेत खुल्ने गरी अनुसूची १० बमोजिमको ढाँचामा विषय सूची समेत तयार गरी पेश गर्नु पर्नेछ । यसरी पेश गर्ने बिनियमसँगै संस्थाको हालसाल कायम भई रहको कार्यक्षेत्र खुलेको कागजातको प्रतिलिपि पनि संलग्न गर्नु पर्नेछ ।

**९३**.**१**नियम ९३ बमोजिम कुनै पनि संस्थाको वा सवै संस्थाको विनियम पुनर्लेखन गर्न आवश्यक देखेमा नगरले त्यसको लागि आवश्यक समय तोकी पुनर्लेखनको लागि निर्देशन दिन सक्नेछ । यसरी दिएको निर्देशन बमोजिम आवश्यक सहयोग माग भएमा नगरले त्यस्ता संस्थालाई आवश्यक सहजीकरण गर्न सक्नेछ तर निर्देशनमा अटेर गर्ने संस्थाहरूको हकमा ती संस्थाको विस्तृत अनुगमन गरी देखिएका कैफियतका आधारमा आवश्यक कारवाही गरी पुनर्लेखनको लागि पुनः आवश्यक निर्देशन दिईनेछ । दोस्रो पटकको निर्देशनको पनि अटेर गर्ने संस्थालाई नियमानुसारको आवश्यक प्रक्रिया अघि बढाईनेछ

**९३.२ आर्थिक सहयोग गर्न नहुने**ः

संस्थाको रकमवाट समितिको निर्णय वमोजिम सदस्यहरूले आर्थिक सहयोग लिन सक्नेछन् तर सामाजिक कार्यकोलागि गैर सदस्य व्यक्ति वा संस्थाहरूलाई समेत आर्थिक सहयोग गर्न वाधा पर्ने छैन ।

स्पष्टीकरणः यस नियमको प्रयोजनको लागि 'सामाजिक कार्य' भन्नाले शिक्षा, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

**९३.३ संस्थाको खाताबाट जरिवाना रकम तिर्न नहुने** :

संस्थाका कुनै पदाधिकारी वा कर्मचारीको ढिला सुस्ती वा लापरवाहीको कारणले लागेको जरिवाना संस्थाको खाताबाट तिर्न मिल्दैन । यस्तो रकम गल्ती गर्ने सम्वन्धित व्यक्तिबाट सरकारी वाकी सरह असुल उपर गरिनेछ ।

**९४**. **अन्तर सहकारी कारोवार गर्न सक्ने**ः

संस्थाहरूले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

**९५**. **ठेक्कापट्टा दिन नहुने**ः

संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन हुदैन ।

**९६. सरकारी बाँकी सरह असूल उपर हुने:**

कुनै संस्थाले प्राप्त गरेको सरकारी अनुदान वा कुनै सेवा सुविधा दुरूपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असूल उपर गरिनेछ।

**९७. कम्पनी सम्बन्धी प्रचलित नियमावली लागू नहुने :**

यस नियमावली अन्तर्गत दर्ता भएको संस्थाको हकमा कम्पनी सम्बन्धी प्रचलित नियमावली लागू हुने छैन ।

**९८. प्रचलित कानून बमोजिम कारवाही गर्न वाधा नपर्ने :**

यस नियमावलीमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

**९९. सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी कानुनी व्यवस्थाको पालना गर्नुपर्ने:**

संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय / प्रदेश कानुनमा भएका व्यवस्थाका साथै तत् सम्बन्धमा मन्त्रालयले जारी गरेको मानदण्ड र नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी एकाइबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

**१००. समिति गठन गर्न सक्ने:**

(१) सहकारी संस्था प्रबर्धन, एकिकरण, नियमन, विभाजन, व्यवस्थापन र सुशासनसंग सम्बन्धित विषयमा आवश्यक नीति निर्माण, योजना तथा कार्यक्रम तर्जुमा र अन्य आवश्यक सुझाव दिन बनेपा नगरपालिकाका प्रमुखले बनेपा नगरपालिका क्षेत्र भित्र दर्ता भई संचालनमा रहेका सहकारी संस्थाका अग्रज व्यक्तित्वहरु समेत संलग्न गरी संयोजक सहित बढीमा पाँच सदस्यीय सहकारी व्यवस्थापन समिति गठन गर्न सक्ने छ ।

(२) उपनियम (१) बमोजिम गठन भएको समिति बनेपा नगर कार्यपालिकाको मातहतमा रहने छ ।

(३) उपनियम (१) बमोजिम गठन हुने समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

(४) उप नियम १ बमोजिमको समिति गठन नभएमा वा सो समिति गठन गर्न आवश्यक छैन भन्ने लागेमा सो उप नियममा उल्लेख भए बमोजिमको कार्य गर्नको लागि तपसिल बमोजिम हुने गरी सहकारी सहयोग तथा समन्वय समितिको गठन गर्नेछ । यस समितिले आफ्नो कामकाज सन्चालनको लागि आवश्यक व्यवस्था आफै मिलाउने छ ।

(क) नगर प्रमुख : संयोजक

(ख) उप प्रमुख : सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

(घ) सहकारी संस्थाको SEKYYOS मापदण्डको दफा ६ उपदफा १ को खण्ड (क) बमोजिमका सदस्यहरू

(ङ) नगर प्रमुखले मनोनित गरेको राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरको मूल्यांकनमा समेत नाम कमाएको सम्भव भए सम्म क्रमशः यस वनेपा नगरपालिका भित्र कार्यक्षेत्र भई सन्चालनमा रहेको वा काभ्रे जिल्ला भर कार्यक्षेत्र भई सन्चालनमा रहेको वा जिल्ला वाहिर कार्यक्षेत्र भए पनि मुख्य कार्यालय वनेपामा रहेको सहकारी संस्थाहरूको प्रमुख कार्यकारी अधिकृतहरू मध्येबाट एक जना सदस्य

(च) काभ्रे जिल्लामा सक्रिय रहेका विषयगत संघहरूको प्रमुख कार्यकारी अधिकृतहरू

(छ) यस समितिले सूचीकृत गरेको विज्ञ सदस्यहरू

(ज) सहकारी शाखा प्रमुख : सदस्य सचिव

(५) कुनै वडामा रहेको सहकारी संस्थाको सम्वन्धमा मात्र केहि निर्णय लिनु पर्ने गरी बैठक सन्चालन गर्नु परेमा त्यस्तो संस्थाको कार्यालय रहेको वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य पदेन सदस्य रहनेछ ।

(६) उप नियम (४) को खण्ड (ङ) र (छ) बमोजिमका सदस्यहरूको पदावधि नियुक्ति मितिले नगरपालिकाको अर्को निर्वाचन भई सोही पदमा अर्को व्यक्ति नियुक्त नभए सम्म रहनेछ । निजहरूको पुन नियुक्ति हुन सक्नेछ ।

(७) दफा ४ को खण्ड (घ), (ङ), (च) र (६) बमोजिमका सदस्यहरूलाई छुट्टै कुनै पनि सेवा, सुविधा वा पारिश्रमिक हुनेछैन । तर बैठक वस्ताको नियमानुसारको भत्ता उपलब्ध हुनेछ ।

(८) माथि खण्ड (छ) बमोजिमको सदस्यहरूको लागि प्रकाशित सूचना बमोजिम कसैको निबेदन नपरेमा सोही क्षेत्रका व्यक्तिहरू मध्येबाट वढीमा दुई जनासम्म विज्ञ सदस्यहरू नगर प्रमुखले छनौट गर्न सक्नेछन् ।

(९) सहकारी सहयोग तथा समन्वय समितिको अन्य काम कार्यहरू व्यवस्थित गर्न समिति आफैले आवश्यक निर्णय गर्न सक्नेछ ।

(१०) यो समितिको वर्षमा कम्तीमा दुई पटक अनिवार्य बैठक वस्नेछ । पहिलो बैठक श्रावण मसान्त भित्र र दोस्रो बैठक चैत्र समान्त भित्र वस्नेछ । अन्य वैठक आवश्यकत्ता अनुसार बस्नेछ ।

**१००.१** नगरले आफनो क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरूलाई संस्था भित्र रहेको समस्याहरूको स्व घोषणा गरी त्यसको सुधार कार्ययोजना वनाई नगरपालिकामा पेश गर्न सार्वजनिक सूचना जारी गर्न सक्नेछ । यस्तो सूचना जारी गरेको मितिले एक महिना भित्र सम्वन्धित संस्थाको सन्चालक समिति तथा संस्थामा गठन भएका अन्य सवै समिति तथा उप समिति समेतको संयुक्त वैठक वसी संस्था भित्रका समस्याहरूको पहिचान गरी समस्या सुधार कार्ययोजना वनाई पेश गर्नु पर्नेछ । यस्तो कार्ययोजनामा समस्या के के छन्, त्यस्तो समस्या के कारणले आयो, त्यसमा प्रमुख कमजोरी के र कस्को हो, त्यसको समाधानको लागि अव कहिले, कसले, कसरी, के गर्ने, त्यसमा नगरपालिका प्रतिको अपेक्षा के हो भन्ने जस्ता कुराहरू प्रष्टसँग उल्लेख गर्नु पर्नेछ ।

**१००.२** संस्थाले नियम १००.१ बमोजिम नगरेमा वा विवरण फरक पारी ढाँटेमा नगरले त्यस्तो संस्थाको अनुगमन गरी केहि कैफियत देखेमा नियमानुसार गर्नेछ ।

**१००.३** प्रचलित कानून विपरित र सहकारी मूल्य , मान्यता र यसका सिद्धान्त समेतको वर्खिलाप हुने गरी सहकारी संस्थाहरूको नेतृत्व हस्तान्तरण गर्ने गराउने वा सहकारीको मूल्य, मान्यता भन्दा वाहिर गई वहाल रहेका सन्चालकहरूले सहकारी संस्थाहरूको प्रचलित कानूनमा व्यवस्था भए भन्दा फरक ढंगले नेतृत्व कसैलाई सुम्पिएमा वा हस्तान्तरण गरेमा त्यस किसिमबाट नेतृत्व छोड्ने र ग्रहण गर्ने दुवै पक्षलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ साथै यस्तो कार्यबाट संस्था वा सदस्यहरूलाई कुनै हानी नोक्सानी भएको पाईएमा त्यस प्रति दुबै अवस्थाका सन्चालकहरू जिम्मेवार रहनेछन् ।

**१००.४** सहकारी संस्थाहरूको हित, संरक्षण, प्रवर्द्धन, विकास र समाजिक कार्य तथा कुनै रचनात्क कार्यको लागि आवश्यक वातावरण निर्माण गर्न, सहकारी संस्थाहरूमा देखिएका समस्याको पहिचान र समाधानका साझा उपाया माथिको छलफल तथा नगरपालिकाले दिने निर्देशनको लागि प्रत्येक सालको श्रावण महिनाको १५ गते भित्र संस्थाका अध्यक्षहरूको र भाद्र १५ गते भित्र सहकारी संस्थाका प्रवन्धकहरूको भेलाको आयोजना गर्नेछ । नगरले सो भेलाबाट कुनै विशेष कार्यको लागि कुनै समूह वा टोली गठन गरी आवश्यक जिम्मेवारी तोक्न सक्नेछ ।

**१०१. नियम बनाउने अधिकारः**
यस नियमावलीको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

**१०१.१ संस्था दर्ताको प्रमाण पत्र :**
संस्था दर्ता भए पछि अनुसूची ३ बमोजिमको प्रमाण पत्र दुई प्रति तयार गरी एक प्रति सम्वन्धित संस्थालाई र एक प्रति कार्यालयमा सम्वन्धित फाईलमा राखिने छ ।

**१०१.२ सक्कल विनियम र प्रमाण पत्र बुझाउनुपर्ने अवस्थाः** संस्थाको एकिकरण भए पश्चात अनुसूची ३ बमोजिमको प्रमाण पत्र दिनु पर्नेछ । यस्तो संस्थाको एकिकरण पश्चात संस्थाको पहिलेको विनियमको सक्कल प्रति र सक्कल प्रमाण पत्र नगरमा वुझाउन लगाउनु पर्दछ ।

१०१.३ संस्था दर्ता, एकिकरण वा खारेज भए पश्चात सम्वन्धित संस्थालाई त्यसको जानकारी पत्र दिनु पर्नेछ ।

१०१.४ वनेपा नगरपालिकाको नियमन क्षेत्राधिकार भित्रका र कार्यक्षेत्र वाहिर भए पनि यस नगरमा मुख्य कार्यालय वा शाखा कार्यालय वा सेवा केन्द्र सन्चालन गरेका सहकारी संस्थाहरूको अभिलेख अनुसूची ११ बमोजिमको रजिष्टर खडा गरी राख्नु पर्दछ ।

१०१.५ नगरपालिकाको नियमन क्षेत्र र अन्य निकायको नियमन क्षेत्राधिकार भएका संस्थाको अभिलेख अलग अलग राख्नुपर्नेछ ।

**१०२. मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः**

(१) यो नियमावली वा यस नियमावली अन्तर्गत बनेको नियमको अधीनमा रही संस्थाको दर्ता, सञ्चालन, निरीक्षण तथा अनुगमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न कार्यपालिकाले आवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैंक, मन्त्रालय र सम्बन्धित अन्य निकायको परामर्श लिन सकिनेछ ।

## अनुसूची १
## नियम ५ को उपनियम १ सँग सम्बन्धित
## दर्ता दरखास्तको नमुना

मितिः...............................................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू
बनेपा नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रे ।

**विषयः सहकारी संस्था दर्ता ।**

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौ । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूके योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौ ।

**संस्था सम्बन्धी विवरणः**

क) प्रस्तावित संस्थाको नामः
ख) ठेगानाः
ग) उद्देश्यः
घ) मुख्य कार्य?
ङ) कार्यक्षेत्रः
च) दायित्वः
छ) सदस्य संख्याः महिलाः पुरुषः
ज) प्राप्त सेयर पूँजीको रकम रुः
झ) प्राप्त प्रवेश शुल्कको रकम रुः

आधिकारिक दस्तखतः...................................

## अनुसूची २
## नियम ५ को उप नियम २ को खण्ड च सँग सम्वन्धित
## तदर्थ समिति वा सन्चालक समितिको वडाबाट प्रमाणित विवरण

| सि. नं. | पद | नाम थर | स्थायी ठेगाना | नागरिकता नं. | जारी जिल्ला | जारी मिति | बुवाको नाम | बाजेको नाम | फोटो | औठा छाप | | सही |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | दायाँ | वायाँ | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

माथि उल्लेखित विवरण भएका व्यक्तिहरू .... नं वडा कार्यालयमा स्वयम् उपस्थित भई मेरो रोहवरमा सम्वन्धित कागजात रूजु गरी सहीछाप गरेको व्यहोरा प्रमाणित गर्दछु ।

वडा अध्यक्षको नाम थर :
सही :
मिति :

# अनुसूची ३
## नियम ६ को उपनियम १ सँग सम्बन्धित
## संस्था दर्ताको प्रमाण-पत्रको नमुना

**बनेपा नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**सहकारी दर्ता प्रमाण–पत्र**

दर्ता नं. ................ (एकिकरण भएको भए मात्र)

दर्ता मिति : ...........

बनेपा नगरपालिकाको सहकारी ऐन २०७५ को दफा ...................... बमोजिम सहकारी सम्वन्धी प्रचलित ऐन, कानून र बनेपा नगरपालिकाको सहकारी नियमावली २०८०, आन्तरिक अनुगमन तथा स्व मूल्यांकन मापदण्ड २०८० (SEKYYOS मापदण्ड २०८० ) र नियामक निकायले दिने निर्देशनको पालना गर्ने गरी श्री ............................................. लाई सीमित दायित्व भएको संस्थाको रूपमा दर्ता गरी संस्थाको दुई प्रति विनियम स्वीकृत गरी यो प्रमाण–पत्र प्रदान गरिएको छ ।

बर्गीकरण:.....................................................................................

| प्रमाणपत्र तयार गर्नेको : | प्रमाण पत्र जारी गर्नेको : .......... |
|---|---|
| नाम थर : .......... | नाम थर : ......................... |
| पद : ................. | पद : ........................ |
| सही : ..................... | सही :......................... |

## अनुसूची ४
## नियम ९.५ सँग सम्वन्धित

**एकीकरणको शर्तहरू**:

१. **संस्थाको नाम**: एकिकरण भएका ........................ सहकारी संस्थाहरू एकिकरण पश्चात ................ नामबाट संस्था सन्चालन गर्ने ।

२. **कार्यालय सन्चालन**: एकिकरण पश्चात ................. संस्थाको मुख्य कार्यालय, शाखा कार्यालय वा सेवा केन्द्रबाट कार्यालय संचालन गर्ने ।

३. **कार्यक्षेत्र**: एकीकृत हुने संस्थाहरूको कार्यक्षेत्र साविक ................... मात्र भएकोमा अव उप्रान्त ...................... कायम हुने ।

४. **विनियम**: ............................ सहकारी संस्थाहरूको विनियम समायोजन गरी ............ संस्थाको विनियम २०..........। मिति लेख्ने । स्वीकृत गरी सोही विनियम अनुसार कार्य संचालन गर्ने ।

५. **शेयर रकम**: ...................... कायम गरिनेछ ।

६. **संस्थाका कोषहरु**: एकिकरण भएका .................................. सहकारी संस्थाहरूको विभिन्न कोषमा रहेको रकम एकिकृत गरी ............................ सहकारी संस्थाको कोषको रूपमा रकम एकीकृत गरी समावेश गर्ने । वितरण गर्न मिल्ने कोषहरू र वितरण गर्न नमिल्ने कोषहरू यथावत राखी एकीकृत गर्ने । यसरी एकीकृत गरेपछि नियमानुसार कोषको उपयोग गर्ने ।

६. **दायित्व**: एकिकरण भएका........................................ सहकारी संस्थाहरूसँग रहेको सवै प्रकृतिको दायित्व .................................. सहकारी संस्थाको नामबाट फछर्यौट गर्ने र त्यसको लागि नव निर्वाचित सन्चालक समिति जिम्मेवार हुने ।

७. **लगानी हिसाब**: एकिकरण भएका .................................... सहकारी संस्थाहरू .................................. को छाता संघहरूमा रहेको लगानी हिसाव एकीकृत ............ सहकारी संस्था लि.को नाममा कायम गर्ने ।

८. **ऋण लगानी**: एकिकरण भएका ............................. सहकारी संस्थाहरूबाट

भएको ऋण लगानी..........................................................सहकारी संस्थाको नाममा सार्ने वा कायम गर्ने ।

**९. बचत हिसावः** एकिकरण भएका .......................................................... सहकारी संस्थाहरूको सवै किसिमको वचतहरू एकिकृत गरी .......................................... सहकारी संस्थाका नाममा कायम गर्ने ।

**१०. सदस्यताः** एकिकरण भएका ..........................................................सहकारी संस्थाहरूको शेयर सदस्यहरूको सदस्यता एकीकृत संस्थामा कायम गर्दा प्रवेश मितिको आधारमा सदस्यता कायम गर्ने ।

**११. आन्तरिक कार्यविधिहरुः** संस्था संचालन नीति लागु गर्ने सन्दर्भमा .................................... संस्थाको नीति तथा कार्यक्रम बमोजिम गर्ने र यस संस्थाको नीति तथा कार्यक्रममा समावेश नभएका नीति तथा कार्यक्रमको हकमा आवश्यकक्ताको आधारमा एकिकरण भएका अन्य सहकारी संस्थाहरूको नीति तथा कार्यक्रमहरू बमोजिम गर्ने ।

**१२. बैंक खाता र नगद जिम्मेवारीः** एकिकरण भएका ..................................................... सहकारी संस्थाहरूको सवै वैक तथा वित्तीय संस्थाहरूमा भएको खाता वन्द गरी त्यसमा भएको सवै किसिमको रकम .......................................................................... सहकारी संस्थाको खातामा रकमान्तर गरी वा जम्मा गरी नियमानुसार उपयोग गर्ने ।

**१३. संस्था संचालन प्रक्रियाः** एकिकरण हुन पूर्व एकिकरणको लागि पूर्व सहमति पाए पश्चात एकिकरण हुने ...................................................................... सहकारी संस्थाका विभिन्न समिति तथा उप समिति गठन गरी एकिकृत संस्थाको विनियम स्वीकृत गराउनु पर्ने । यसरी विनियम स्वीकृत भएको मितिले एक महिना भित्र संस्थाको साधारण सभा वसी विनियममा भएका गर्न पर्ने अन्य कामहरू गर्ने । यसरी निर्बाचित वा मनोनित समिति तथा उप समितिका पदाधिकारीहरूको कार्यकाल प्रचलित कानूनमा तोकेबमोजिम हुने ।

**१४. लिनु दिनु पर्ने बाँकी ऋण तथा सम्पत्तिः** एकिकरण भएका ........................................ सहकारी संस्थाहरूले तिर्नु पर्ने वा उठाउनु पर्ने वा असुल उपर गर्नु पर्ने

रकम भए ..........................सहकारी संस्थाको नामबाट प्रचलित कानून बमोजिम आवश्यक प्रक्रिया अघि वढाउने ।

१५. **केन्द्रिय/जिल्ला/विषयगत संघको प्रतिनिधिः** एकिकरण भएका सहकारी संस्थाहरूबाट संस्थाको विषयगत संघ वा अन्य सम्वन्धित संघमा भएको प्रतिनिधित्व एकिकरण पश्चात ....................... सहकारी संस्था लि.बाट हुनेछ ।

१६. **कर्मचारीः** एकिकरण भएका सहकारी संस्थाहरूमा कार्यरत कर्मचारीहरू एक संस्थाहरू वीच भएको सहमति बमोजिम हुने ।

१७. **दर्ता नं. र स्थायी लेखा नं.**ः आन्तरिक राजस्व कार्यालयमा दर्ता रहेको ....................................हरू संस्थाको दर्ता नं. खारेज गरी अव उप्रान्त ....................... सहकारी संस्थाको पान नं. .............................. कायम गरी सोही बमोजिम कारोवार गर्ने

१८. **नगदी र ढुकुटीको बीमा गर्नेः** एकिकरण भएका सहकारी संस्थाहरू मध्ये ....................... सहकारी संस्थाको नगदी र ढुकुटीको वीमा गरी कारोवार सन्चालन गर्ने ।

१९. **एकीकरण पछिको विवाद सम्बन्धीः** एकीकरण पश्चात कुनै विषयमा विवाद उठेमा विवाद मिलाउन तीन सदस्यीय समिति निर्माण गर्ने र विवादको टुङ्गो लगाउने ।

२०. **विनियममा संशोधन र परिमार्जन गर्ने समितिः** दुवै संस्थाको विनियम हालको अवस्थामा कतिपय विषयहरू थपघट, परिमार्जन गरी समयानुकुल बनाउनु पर्ने भएकाले ब्यापक अध्ययन परिमार्जन गर्न तीन सदस्यीय उप-समितिलाई जिम्मा दिने ।

२१. **परिमार्जित छापः** एकिकरण पश्चात ....................... सहकारी संस्थाको छाप , लोगो र लेटरप्याडको प्रयोग गर्नु पर्नेछ ।

## अनुसूची ५
## नियम ५४ को उप नियम ७ को खण्ड क सँग सम्बन्धित

### सभाबाट लेखापरीक्षकको नियुक्ति भए पश्चात संस्थाले नगरपालिकामा वुझाउने विवरणको ढाँचा

| सि.नं. | विवरण | थप व्यहोरा |
|---|---|---|
| १. | लेखा परीक्षकको नाम थर ठेगाना : | |
| २. | अघिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्रको फोटोकपी : | |
| ३. | प्यान नं. | |
| ४. | दर्ता नं. : | |
| ५. | फोन नं. : | |
| ६. | ईमेल ठेगाना : | |
| ७. | निजको तोकिएको पारिश्रमिक : | |
| ८. | लेखा परीक्षण सम्पन्न गर्न तोकिदिएको मितिः | |
| ९. | नियुक्ति पत्रको फोटोकपी : | |
| १०. | निजले लगातार यो भन्दा अघि कति पटक संस्थाको लेखा परीक्षण गरेको हो ? | |
| ११. | निजले हाल सम्म जम्मा कति पटक संस्थाको लेखा परीक्षण गरेको हो ? | |
| १२. | निश्पक्ष, स्वतन्त्र र पारदर्शी ढंगले लेखा परीक्षण गर्न संस्थाले लेखा परीक्षकको नियुक्ति वा छनौट गर्दा अपनाएको विधि | सो सँग पुष्ट्याई गर्ने कागजात |

विवरण तयार पार्ने :
नाम थर :
पद :
सही :

प्रमाणित गर्ने :
नाम थर :
पदः
सही :

## अनुसूची ६
## नियम ५४ को उप नियम ७ को खण्ड ख सँग सम्वन्धित

**लेखा परीक्षकले लेखा परीक्षण सम्पन्न भए पश्चात सो क्रममा देखिएको संस्थाको तपसिल बमोजिमको विषयमा पारिश्रमिक भुक्तानी माग गर्दा नगरपालिकामा वुझाउनु पर्ने संक्षिप्त प्रतिबेदनमा उल्लेख हुने विषयहरु :**

(१) संस्थाको शासकीय व्यवस्था अथवा संस्थाको कर्मचारी प्रशासन सँग सम्वन्धित भएका कमजोरीहरू ।

(२) संस्थाले वित्तीय व्यवस्थापन अन्तर्गत गरेको त्रुटिहरू ।

(३) विभिन्न समिति तथा उप समितिका वैठकका निर्णयमा भएका मुख्य त्रुटीहरू ।

(४) व्याजदर तथा ऋण लगानीमा भएका त्रुटीहरू ।

(५) वचतको सीमा तथा शेरयपूँजी सम्वन्धी अवस्था ।

(६) ऋण असुलीमा भएका संस्थागत सक्रियताको अवस्था

(७) संस्थाको नीति, कार्यविधि तथा मापदण्डहरूको निर्माण तथा त्यसको कार्यान्वयनको अवस्था आदि ।

(८) संस्थाका सन्चालक तथा कर्मचारीहरू र निजको नजिकका नाताका व्यक्तिले लगेका ऋण र निजहरूको भाखा नाघेको सावाँ, व्याज वापतको रकम सम्वन्धी विवरण ।

(९) ऋण लगानी गर्दा लिएको सुरक्षण वा धितो, त्यसको मूल्यांकनमा भएका कमी कमजोरीहरू ।

(१०) संस्थाको जम्मा वचत, जम्मा ऋण लगानी र भाखा नाघेको ऋण ।

(११) संस्थाहरूको सुदृढीकरण, विकास र दिगोपनको लागि नगरपालिकाले गर्नु पर्ने अल्पकालिन तथा दिर्घकालिन कार्यहरू ।

(१२) संस्थाको संस्थागत विकासका लागि कुनै अन्य महत्वपूर्ण सुझाव भए सो ।

# अनुसूची ७

## मापदण्डको दफा ३२ सँग सम्वन्धित

## वचत पास वुकको नमूना

संस्थाको वचत पासवुकमा संस्थाको नाम, ठेगाना, दर्ता नं. प्यान नं. फोन नं., ईमेल ठेगाना, संस्थाको कार्यक्षेत्र, वचतमा प्रत्येक महिना पाएको व्याज रकम र सन्चालक समितिका पदाधिकारीहरूको तपसिल बमोजिमको विवरण, वचत कर्ताको नाम थर, सदस्यता नं.  ठेगाना सहित उल्लेख हुने गरी निम्न बमोजिम यसको ढाँचा तयार गर्नु पर्नेछ ।

| सि. नं. | पद | नाम थर | कार्यकाल | स्थायी ठेगाना | नागरिकता नं. | जारी मिति | जारी जिल्ला | ब.स. द.नं. |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |
| १०. | | | | | | | | |
| ११. | | | | | | | | |

| अध्यक्ष | उपाध्यक्ष | कोषाध्यक्ष | सचिव |
|---|---|---|---|
| | | | |

**तपसिलको कुराहरु हामी सवैले नियमित रुपमा पढौं, बुझौं र गरौं ।**

१. सन्चालकहरू बनेपाका स्थायी बासिन्दा हुन कि हैनन्, चिनौं, वुझौं ।

२. सन्चालक तथा कर्मचारी र उनीहरूको एकाघरका नाताका व्यक्तिहरूले के कति रकम, कसरी, केका लागि ऋण लगेका छन्, समयमा तिरेका छन् कि छैनन्, प्रक्रिया र नियम अनुसार गरेको छन् कि छैनन्, बुझौं ।

३. संस्थाको साधारण सभा र सहकारी शिक्षा हाम्रा लागि हुन , अनिवार्य सहभागी बनौं ।

४. संस्थाले स्व मूल्यांकनको नतिजा महिनै पिच्छे सार्वजनिक गरेको छ कि छैन, ख्याल गरौं ।

५. संस्थाको स्व मुल्यांकन भनेको के हो ? संस्थामा गएर वुझौं, सोधौं ।

६. हाम्रो वचत जोखिममा छ, छैन नियमित रूपमा चासो राखौं ।

७. संस्थाले कस्तो क्षेत्रमा वढी लगानी गरेको छ , बुझौं ।

८. संस्थाले सदस्यको हितमा कस्तो कार्यक्रम ल्याएको छ बुझौ ।

९. संस्थामा नियमित वचत गरौं, संस्थालाई तिर्नु पर्ने सावा, व्याज समयमै तिरेर संस्था र.नगरपालिकाबाट हुने जरिवानाबाट वचौं ।

१०. सस्थाबाट अन्य सदस्य वा छर छिमेकीले लिएको ऋणको सदुपयोग भए नभएको ख्याल गरौ.। दुरूपयोग भए संस्थालाई जानकारी गराऔं ।

११. बनेपालीको वचत बनेपालीले नै चलाएको सहकारीमा गरौं, आफ्नो वचत सुरक्षित गरौं ।

१२. सन्चालकले वचतको दुरूपयोग गरे उनीहरूबाट असुल उपर गर्ने जायजेथा के छ, ख्याल गरौं ।

१३. संस्थामा वचत गरेर वढी व्याज लिने भन्दा पनि संस्थाबाट वढी सेवा, सुविधा लिने कुरामा विश्वास गरौ ।

१४. जुन पायो त्यही संस्थामा वचत गर्ने र जो सुकैले भनेको कुरामा विश्वास गरी पछि पछुताउने काम नगरौं ।

१५. आफ्ना कुनै गुनासो भए संस्थामा गएर राखौ, चित्त नवुझे नगरपालिकाको सहकारी शाखामा निबेदन गरौं ।

१६. सहकारी सहितको सभ्य समाज, खुशी भएर वाँचौ भन्ने बनेपालीको आवाज भन्ने भावनाको बिकास गरौ ।

१७ संस्था हाम्रो साझा सम्पत्ति हो, यसलाई सवैले माया गरौ, सवैले सहयोग गरौं ।

१८. संस्था आफै खराव कहिल्यै हुँदैन, यसमा गलत गर्ने जो कोहीलाई पनि कानूनी कारवाहीको लागि सवैले सहयोग गरौं ।

## बचत पासबुकको नमूना

| मिति | वचतको प्रकृति | दैनिक वचत रकम | वचत लिनेको परिचय पत्र नं | वचत लिनेको सही | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

(नोट : माथि (१) मा अघिल्लो महिनाको वचत, (२) मा अघिल्लो महिनासम्मको जम्मा वचत (३) मा व्याज दिन योग्य जम्मा वचत, (४) मा अघिल्लो महिना सम्मको दिनु पर्ने जम्मा व्याज रकम र (५) मा सावाँ, व्याज हिसाव गर्नेको नाम, थर, पद र सही उल्लेख गर्ने )

## अनुसूची ८
## नियम ९२ को उप नियम ७ सँग सम्वन्धित

**नगरले नियमित रुपमा सम्प्रेषित गर्ने सहकारी शिक्षा मूलक शन्देशहरु :**

(क) नगर सहकारी नियमावली २०८० को नियम ८४ को उप नियम ७ बमोजिम संस्थाले स्वतन्त्र, निश्पक्ष, पारदर्शी, ढंगले लेखा परीक्षण गराएको छ कि छैन, हामी सवैले वुझौं । लेखा परीक्षण निश्पक्ष, पारदर्शी र स्वतन्त्र ढंगले भएन भने हाम्रो वचत रकम जोखिममा पर्न सक्छ ।

(ख) संस्थाका सन्चालकहरू संस्थाको कार्यक्षेत्र भित्रका स्थायी वासीन्दा हुन वा हैनन्, के तपाई हामीले चिनेका छौ त, चिनेका छैनौ भने संस्थाका अरू कसैलाई सोधौं, वुझौं ।

(ग) सन्चालकहरू गैर जिम्मेवार भई वचतको दुरूपयोग गरे भने उनीहरूको विरूद्धमा नगरपालिकामा निबेदन गरौं र उनीहरूको जाय जेथाको अवस्था पनि बुझिराखौं । उनीहरूको व्यक्तिगत विवरण जस्तै नाम थर, ठेगाना, बाबु बाजे, पति, पत्नी आदिका बारेमा जानकारी लिऔं । उनीहरुले गलत काम गरे नगरले उनीहरूको र उनीहरूको एकाघर वा सगोलमा रहेका नाताका व्यक्तिहरूको नाममा भएको सम्पत्ति रोक्का गर्ने र उनीहरूले स्थानीय स्तरमा पाउने विभिन्न सेवा सुविधा स्थगन गर्न सक्छ । समयै नगरपालिकालाई जानकारी गराउँ ।

(घ) संस्थाले आन्तरिक अनुगमन तथा कारवाही सिफारीस समिति गठन गरेको छ कि छैन, स्व मूल्यांकनको नतिजा प्रकाशित गर्ने गरेको छ, त ? साथीहरूलाई सोधौं ।

(ङ) सन्चालकहरूले लिएको ऋण कति छ, उनीहरूले के कस्तो क्षेत्रमा लगानी गरेका छन्, बुझौ ।

(च) वढी व्याज पाउने लोभ गर्न छाडौं । व्याजको लोभले सावाँ नै हराउने अवस्था पनि हुन सक्छ । तसर्थ कम व्याज पाए पनि आफूलाई विश्वास भएको, सवै चिने जानेको र वुझेको सहकारी संस्थासँग मात्र व्यवहार गरौ । अरूको लहै लहैमा लागेर पछि नपछुताऔं ।

(छ) आफ्नो वचतको सुरक्षा प्रति सधै चनाखो वनौं ।

(ज) संस्थाबाट लिएको ऋणको सावाँ र व्याज समयमा नतिरे हाम्रो घरका जो सुकैको नाममा भएको सम्पत्ति र हामीले स्थानीय स्तरमा सरकारी निकायबाट पाउने सेवा सुविधा पनि नगरपालिकाले रोक्ने रहेछ, यस्तो अवस्था आउन नदिऊँ ।

(झ) संस्था आफै कहिल्यै खराव हुँदैन । यसमा गलत गर्ने जो कोहिलाई कारवाहीको दायरामा ल्याउन सहयोग गरौं ।

(ञ) सहकारी हामी सवैको साझा सम्पत्ति हो, यसलाई मायाँ गरौ । सहकारी सहितको समाज, सम्वृद्ध वनेपा वनाउँने हाम्रो संयुक्त आवाज भन्ने नगरपालिकाको अभियानमा सहभागी बनौं ।

(ट) हाम्रो सहकारी वचाऊँ र हामी पनि बाँचौ, हाँसौ, नाचौं । जय वनेपा, जय सहकारी ।

# अनुसूची ९

**नियम ९२ को उप नियम ९ सँग सम्वन्धित**

**विभिन्न समिति तथा उपसमिकिा पदाधिकारी तथा सदस्यहरुको विस्तृत विवरण**

**सहकारीको नाम:** **ठेगाना:**

| Detail of Operating committee Members | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| S. N. | Election date | Elected Times | Post | Name | permanent address | Father | Grand father | Husband /Wife | Citizenship no | Issue Office | Issue Date | No of family member | Relation | migration certificate if he is migrant | Phone Number | photo |
| 1 | | | | | | | | | | | | | | | | |
| 2 | | | | | | | | | | | | | | | | |
| 3 | | | | | | | | | | | | | | | | |
| 4 | | | | | | | | | | | | | | | | |
| 5 | | | | | | | | | | | | | | | | |
| 6 | | | | | | | | | | | | | | | | |
| 7 | | | | | | | | | | | | | | | | |
| 8 | | | | | | | | | | | | | | | | |
| 9 | | | | | | | | | | | | | | | | |
| 10 | | | | | | | | | | | | | | | | |
| 11 | | | | | | | | | | | | | | | | |

# अनुसूची १०
## नियम ९३ सँग सम्वन्धित

### पुनर्लिखित विनियमको विषयसूचीको नमूना

| सि नं. | परिच्छेद | दफा | त्यसमा भएको मुख्य व्यवस्था | पेज नं. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

प्रवन्धकको नाम थर :

सही :

मिति :

## अनुसूची ११
### नियम १०१.४ सँग सम्वन्धित
### सहकारी संस्थाको दर्ता अभिलेख रजिष्टर

| संस्था दर्ता सम्वन्धी विवरण | | | | | | | कार्यक्षेत्र | | | शेयर पूँजी | | हालको सदस्य संख्या | | | संस्थाको | | अध्यक्षको | | | | | | | | अभिलेखीकरण तथा दर्ता गर्ने अधिकारीको | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सहकारी संस्थाको नाम | प्रकृति | ठेगाना | दर्ता नं. | दर्ता मिति | दर्ता गर्ने निकाय | दर्ता अधिकारी | दर्ता हुँदाको अवस्थाको | हालको | कार्यक्षेत्र विस्तार भएको मिति | स्थापना हुँदाको शेयरपूँजी | हालको | महिला | पुरुष | जम्मा | हुँसेल ठेगाना | फोन नं. | नाम , थर | ठेगाना | फोन नं. | दायाँ | बायाँ | हस्ताक्षर | फोटो | संस्थाको छाप | नाम थर | पद | सही | कार्यालयको छाप |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

## अनुसूची-१२

**नियमावलीको नियम ३१ को उप नियम ९ सँग सम्वन्धित**

समिति तथा उप समितिको पदमा निर्वाचित हुने सदस्यले गर्ने स्वघोषणा

श्री संयोजकज्यू
निर्बाचन समिति / उप समिति
बनेपा, काभ्रे ।

मिति : ..................................................

**बिषयः योग्यताको स्वघोषणा सम्वन्धमा ।**

प्रस्तुत विषयमा मैले श्री ....................................................................................सहकारी संस्था लि. को ......................................................................... पदमा उमेद्वारी दिन चाहेको र सो का लागि सहकारी सम्वन्धी संघीय, प्रादेशिक तथा स्थानीय तहका कुनै पनि ऐन कानून बमोजिम म अयोग्य नभएकोले यस बनेपा नगरपालिका सहकारी नियमावली २०८० को नियम ३१ को उप नियम ९ सँग सम्वन्धित कानूनी व्यवस्था पूर्ण रूपमा स्वीकार गर्ने र पछि कुनै विवरण झुटा देखिएमा प्रचलित कानून बमोजिम म आफै सहुँला बुझाउँला भनी यो स्व घोषणा पत्रमा सहीछाप गरी वुझाएँ ।

| | औंठाछाप | |
|---|---|---|
| उमेद्वारको :<br>नाम थर :<br>पद :<br>सही | दायाँ | बायाँ |
| | | |

**आज्ञाले,**
**भोला प्रसाद चापागाई**
**प्रमुख प्रशासकीय अधिकृत**